www.csrcnepal.org

# भूमि अधिकार

वर्ष १६ | पूर्णाङ्क ५२ | फागुन २०७५



## हरवा-चरवाको मुक्ति : सरल विषयको जटिल मुद्दा

दुःखीराम : दुःख र सन्देश

म र मेरो नेपाल

तीन पुस्ता लडेपछिको जीत

# भूमि अधिकार

वर्ष १६ | पूर्णाङ्क ५२ | फागुन २०७५

हरवा-चरवाको मुक्ति : सरल विषयको जटिल मुद्दा ...५
विष्णुबहादुर मानन्धर...९
जमिनदार भएर जमिनदारविरूद्धै सङ्घर्ष...९
गरिबीको शल्यक्रिया बान्डुङमा...१५
तीन पुस्ता लडेपछिको जीत...१७
म र मेरो नेपाल...१९
दुःखीराम : दुःख र सन्देश...२२
राष्ट्रिय हरवा चरवा अधिकार मञ्चद्वारा मागपत्र पेश...२६
राष्ट्रिय भूमि अधिकार मञ्च :
पाँचौं सम्मेलनसम्मको यात्रा...२८
शान्ति संस्कृति आफैंबाट...२९
मेरो पहिलो तालिम...३०
हलियाका अनुत्तरित सवाल...३१
आफ्नै स्रोतमा टिकेको आन्दोलनमात्र दिगो हुन्छ...३३







प्रकाशक :
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)
पोस्ट बक्स नम्बर : १९७९०, भूमिघर, टोखा-७, काठमाडौं, नेपाल
फोन : ९७७-१-४३६०४८६, फ्याक्स : ९७७-१-४३५७०३३
इमेल : landrights@csrcnepal.org, वेभसाइट : www.csrcnepal.org

**ग्राफिक डिजाइन :**
बिक्रम चन्द्र मजुमदार | bmajumdar33@gmail.com

**आवरण तस्बिर** : लक्ष्मी गाउँ भूमि अधिकार मञ्च, बेलगाडी, गौशाला - ८, महोत्तरीका सदस्यहरू

# पाँचौँ सम्मेलनको सार्थकता

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको पाँचौँ राष्ट्रिय सम्मेलन २०७५ फागुन २७ देखि २९ गतेसम्म पोखरामा हुँदैछ। यसअघिका चारवटा सम्मेलन काठमाडौँ, दाङ, धनुषा र कञ्चनपुरमा भव्यतापूर्वक सम्पन्न भएका थिए। चौथो सम्मेलनको तुलनामा यो पाँचौँ सम्मेलन गर्दाको परिवेश धेरै फरक छ। संविधान तर्जुमा भई मौलिक हकअन्तर्गतका र संविधानसँग बाझिएका कानुन सङ्घीय सरकारले तर्जुमा गरिसकेको छ। तीनै तहमा स्थिर प्रकृतिको सरकार गठन भएको छ। भूमि सम्बन्धमा प्रदेश र स्थानीय सरकारको पनि उल्लेख्य भूमिका स्थापित गरिएको छ। भूमिसम्बन्धी विभिन्न नीति र कानुन तर्जुमा भइरहेका छन्।

आमनागरिकले आफ्ना सदियौँदेखिका उत्पीडन, अन्याय र शोषणबाट मुक्ति खोजिरहेका छन्। भूमि अधिकारबाट बञ्चितहरू बसोबास र खेतीका लागि जग्गाको अधिकार उपयोग गर्न पाउनेमा आशावादी देखिन्छन्।

आज पनि नेपाली समाजको मुख्य आर्थिक मेरुदण्ड भूमि र कृषि नै हो। भूमिसँग सम्बन्धित अन्याय र अनेकन समस्या बाँकी रहेसम्म गरिब किसानको जीविकोपार्जन एवम् प्रगति अनि कृषिको गुणात्मक फड्को असम्भव छ। अहिलेको खाद्यान्नमा देखिएको कहालिलाग्दो परनिर्भरता अन्त्य गर्न पनि खेती गर्नेको हातमा जमिन पुग्नु आवश्यक छ। यसो हुँदा भूमिको न्यायोचित वितरणलगायत भूमिसँग सम्बन्धित अन्यायपूर्ण अवस्था र त्यसले उब्जाएका समस्या समाधान गर्न सम्भवतः अहिले एउटा अनुकूल परिस्थिति उत्पन्न भएको छ।

आजको जुगमा कोहीसँग सामान्य घर बनाउन पनि आफ्नो जमिन नहुने स्थिति कुनै पनि हिसावले न्यायोचित हुँदैन। खेती गर्ने किसानसँग जमिन नहुने वा नाममात्रको हुने अनि जमिन हुनेचाहिँ खेती नगरी बस्ने स्थिति पनि अन्त्य हुन आवश्यक छ। हरेक सुकुमबासी परिवारलाई सुरक्षित बास, रोजगारी र खेती गर्न चाहेमा जमिन व्यवस्था हुन आवश्यक छ। भूमिहीनलाई बचत उत्पादन हुनेगरी जमिन उपलब्ध गराउनुपर्छ। पुस्तौँदेखि मोहीले जोतेको जमिनको कम्तीमा आधा हक मोहीलाई र बाँकी आधा पनि उसैले खरिद गर्न सक्ने स्थिति बनाउनुपर्छ। पहाड, चुरे, भित्री मधेस र मधेसमा दशकौँदेखि आवादी गरेर बसेका किसानको नाममा जमिन दर्ता हुनैपर्छ। किसानले खेती गरिरहेका गुठीको जग्गा उनीहरूका नाममा निसर्त दर्ता हुनुपर्छ। सत्र सालमा उन्मूलन गरिएको भनिएको बिर्ता समस्या आजसमम पनि रहिरहनु सबैका लागि सरमको विषय हो।

भूमि सुधारको ठोस नीति, योजना र कार्यक्रम राज्यबाट तय होस् भन्ने सबैको मनसाय छ। संविधानमा टेकेर बन्दै गरेका ऐन र नियमावलीहरू समस्यालाई प्रगतिशील हिसावले समाधान दिनेखालको हुन जरुरी छ। भूमि अधिकारका लागि संघर्ष गरिरहेको भूमि अधिकार मञ्चलाई यस परिस्थितिमा झन् बढी जिम्मेवारी आएको छ। आफ्नो आन्दोलनले उठाउँदै आएका माग कानुनमा स्थापित गराउने बेला यही हो। कानुन बनेपछि पनि त्यसलाई सही प्रकारले कार्यान्वयन गराउन पनि व्यवस्थितखालको संघर्ष आवश्यक हुन्छ। एकहदसम्म समस्या छिमोलेर नयाँ उचाइमा सङ्गठन र आन्दोलनलाई लैजाने अवसर यतिखेर आएको छ। यसका लागि सम्मेलनले असल र जुझारु नेतृत्व चयन गर्न सक्नुपर्छ। आफ्ना एजेन्डा र रणनीतिको आलोचनात्मक समीक्षा गर्दै भूमि अधिकार आन्दोलनलाई मौलिक आन्दोलनका रूपमा अगाडि बढाउन सक्नुपर्छ। यस सम्बन्धमा सही फैसला गर्न पोखराको पाँचौँ सम्मेलन सफल होस्। हाम्रो अग्रिम शुभकामना। ✿





आहुति

# हरवा-चरवाको मुक्ति : सरल विषयको जटिल मुद्दा



## १. परिचय

मैथली, भोजपुरी, बज्जिका, अवधिलगायतका नेपालको तराई मधेसका भाषिक क्षेत्रमा मध्ययुगीन सामन्तवादी समाजमा सुरु भएको विभिन्न प्रकारका बाँधा प्रथामध्येको आज पनि जीवित एउटा कठोर प्रथा हो हरवाह-चरवाह वा हरवा-चरवा प्रथा। संभवतः नेपाली समाजमा यो प्रथा नै बँधुवा श्रम प्रथाको अन्तिम बचेको रूप हो। हलो जोत्ने हरवा र वस्तुभाउ चराउने चरवा। यो प्रथा केही वर्षअघिसम्म नेपालको पश्चिम पहाडमा घोषितरूपमा रहेको हलिया प्रथा जस्तै नै हो, केही विशेषता फरक भए पनि आधारभूत जराहरू उस्तै हुन्।

सामान्यतया चारवटा अवस्थामा श्रमिक परिवार हरवा-चरवा प्रथाको सिकार हुन बाध्य हुन्छन्। एक जीवनको गुजारा ठप्पै रोकिने भएपछि गिरहत अथवा जग्गाधनीसँग सधैँ उसको खेतमा हलो जोत्ने सर्तमा ऋण लिँदा जग्गा धनीको जग्गा ज्यालामा होइन, पहिले लिएको ऋणको गुण तिर्नमात्रै जोत्नुपर्ने भएपछि न ऋण तिरिन्छ छ न त ब्याज तिर्ने पैसा अन्तबाट कमाउन भ्याउँछ। त्यसपछि नमरुन्जेल हलो पनि जोत्दै जानुपर्ने र सावाँ ब्याज पनि बढ्दै जाने दुश्चक्र चल्छ। ५ हजार ऋण ५० वर्ष हलो जोत्दा पनि तिरिँदैन बरु ब्याजमाथि स्याज जोडिएर छोरा/नातिको पालमा पुग्दा ऋण ५० हजार पुगिसकेको हुन्छ।

दुई, बासका निम्ति झुपडी गाड्ने जमिन नहुँदा जग्गा धनीसँग झुपडी गाडेको जग्गा हरवाको नाममा कहिल्यै दिनु नपर्ने प्रथाका कारण हरवाको परिवारले अन्त छाप्रो बनाउने जमिन नकिनेसम्मको पुस्ता हरवा-चरवा भइरहनुपर्ने भयो। छाप्रो गाड्नकै निम्ति त हरवा प्रथामा बाध्य परिवारले अन्यत्र जमिन किनोस् कसरी ? त्यसपछि पुस्तौँ/पुस्ता हरवा प्रथाको पिँजडामा।

तीन, त्यसैगरी बेरोजगारी र गरिबीका कारण अत्यन्तै कम ज्यालामा जग्गा धनीकोमा हरवा बस्दा। ज्याला भन्नाले त्यस प्रथामा नगद होइन अन्न र कतिपयले थोरै रक्सी दिने हो। श्रमबाट लगातार बाँच्न नै धौ धौ हुने श्रमिकले अरू उद्यम गरी स्वतन्त्र कसरी हुन सक्छ र ?

चार, अब बाबु आमा हरवा प्रथाअन्तर्गत पूरै गिरहत अथवा जग्गा धनीको बन्धनमा निगाहामा बाँच्ने भएपछि तिनका बच्चाचाहिँ स्वतन्त्र हुने कुरै भएन। ती बच्चाले चाहिँ जग्गा धनीको वस्तुभाउ चराउने काम गर्नैपर्ने अर्थात् चरवा हुनुपऱ्यो। चरवा बच्चाहरू मात्र हुन्छन् भन्ने हैन, तैपनि चरवाको मुख्य प्रथा र हिस्सा यसरी नै बन्ने हो। त्यसो त हरवा बन्ने सर्तहरूमा पनि चरवा मात्र पनि कुनै बच्चा वा वृद्ध बन्न सक्ने भयो। आजभोलि गाईवस्तु पालन कम हुँदै जाँदा एउटा जग्गा धनीको सट्टा पूरै गाउँका पशु चराउने स्तरमा यो प्रथा परिमार्जित हुँदै गएको पाइन्छ तर त्यस प्रथाको बन्धनमुखी चरित्रमा भने फेरबदल आएको देखिँदैन। यसरी तराई मधेसमा रहेको यो प्रथाले पुस्तौँ/पुस्ता हरवा-चरवा परिवारको जीवन नारकीय बनाइसकेको छ। आज पनि जीवित छ। नेपाली समाजको उत्पीडितको सबैभन्दा पिँध यही नै हो।

## २. हरवा चरवा प्रथाको स्रोत

जसरी पश्चिम नेपालको हलिया प्रथा मूलतः आर्य खसको दलितमाथिको उत्पीडनको प्रथा हो त्यसैगरी तराई-मधेसको हरवा-चरवा प्रथा मधेसी दलितभित्रको पनि सबैभन्दा सीमान्त दलितमाथिको उत्पीडनको प्रथा हो। हलिया प्रथा होस् वा हरवा-चरवा प्रथा, विषय सिधा जोडिएको छ दलितको अवस्थासँग। मध्ययुगीन सामन्तवादी कृषि युगबाट सुरु भएको मानिएका यस्ता बाँधा प्रथाले भूमिहीन र भूमिपतिबीचको सम्बन्ध उजागर गर्छ। सामन्तवादी युगमा जोसँग धेरै जमिन हुन्थ्यो त्यो भूपति अर्थात् सामन्त हुन्थ्यो। जोसँग आफूलाई पुग्ने जमिन हुन्थ्यो,



त्यो प्रजा हुन्थ्यो अर्थात् स्वतन्त्र किसान । र, जोसँग जमिन हुँदैनथ्यो त्यो भूदास वा मोही किसान हुन्थ्यो । भूदासका विविध प्रकार हुन्थे । त्यसमध्येकै एउटा निकृष्ट प्रकार हो यो बँधुवा श्रमिकका रूपमा प्रकट भएको हरवा-चरवा प्रथा । सजिलै बुझ्न सकिने कुरा के हो भने त्यस युगमा जोसँग जमिन हुँदैनथ्यो, त्यो भूमिमा बाँधा बस्न बाध्य हुन्थ्यो । युरोप र चीन जस्ता देशमा विकसित दास युग र सामन्तवादमा जो पनि दास, भूदास हुन सक्थ्यो, जो पनि भूपति वा स्वतन्त्र किसान हुन सक्थ्यो । त्यहाँ माओ थर भएको परिवार भूपति, स्वतन्त्र किसान वा भूदास जे पनि हुन सक्थ्यो किनकि युरोप, चीनलगायतका समाजमा हिन्दु वर्ण व्यवस्थामा आधारित जात व्यवस्था थिएन । भारत र नेपालमा रहेका समान्तवादकालीन हरवा-चरवा, हलियाजस्ता बाँधा प्रथाभित्र चाहिँ अपवादबाहेक दलितमात्र किन बाँधिएका छन् त ? यसको सिधा उत्तर छ- हिन्दु वर्ण व्यवस्थामा हिजोको 'अछूत' वा आजका दलितलाई कुनै पनि सम्पत्तिको मालिक बन्ने अधिकार नै थिएन ।

सामन्तवादी समाजको मुख्य सम्पत्ति जमिन आफ्नो बनाउने अधिकार नै नभएको वर्ण व्यवस्थाका कारण दलित समुदाय स्वतः भूमिहीन बन्न पुग्यो । भूमि नै मुख्य सम्पत्ति हुने युगमा भूमि नै आफ्नो बनाउन नपाउने दलित भूमिसम्बन्धी श्रममा बँधुवा श्रमिक बन्नुको अर्को विकल्प हुनै सक्दैनथ्यो । यसरी हरवा-चरवा प्रथाको सिधा सम्बन्ध दलितको भूमिहीनतासँग छ र दलित समुदायको भूमिहीनताचाहिँ हिन्दु वर्ण व्यवस्थामा आधारित जात व्यवस्थासँग छ । त्यसैले हरवा-चरवा प्रथा सबै समाजमा सधैँभरि चलिरहने सामान्य सामाजिक आर्थिक प्रक्रिया (general socio- economic process) को परिणाम होइन । यो त हिन्दु तथा हिन्दु शासकद्वारा शासित समाजले योजनाबद्ध कानुन र संस्कृति नै बनाएर दलित समुदायलाई भूमिहीन बनाएपछि जन्मिन पुगेको व्यवस्था हो । यो परम्परागत राज्य शासक समुदायको योजनाबद्ध अत्याचारको अनिवार्य परिणाम हो । यहाँ प्रष्ट हुनुपर्ने विषय के हो भने परम्परागत राज्य नै यस्तो प्रथा जन्माउन लागेको हो, समुदायको अज्ञान वा गलत अन्तरक्रियाबाट यो प्रथा जन्मिएको होइन । हिन्दु जात व्यवस्थामा आधारित राज्यको योजनाबद्ध उत्पीडनबाट हरवा-चरवा प्रथा जन्मिएको सयौँ वर्षदेखि जारी रहेको त्यस प्रथाले पुस्ता/दरपुस्ता लाखौँ दलित परिवारको जीवन नारकीय बनाएको छ । आजको पुस्तालाई पनि जीवन गुजारासम्म हदैसम्मको कठिन हालतमा बाँच्न बाध्य पारेको छ । त्यसैले हरवा-चरवाको मुक्तिको विषय आजको राज्यका निम्ति उपकार गर्ने, विकास गर्ने, पुनःस्थापन गर्ने विषय होइन, बरु आजको राज्यले हरवा-चरवासँग क्षमा याचना गर्ने र उनीहरूलाई ऐतिहासिक उत्पीडनको क्षतिपूर्ति दिने विषय हो ।

### ३. भूमि सुधार र दासत्व मुक्ति : राज्यको ऐतिहासिक प्रवृत्ति

वि.सं. २००८ सालबाट नेपालमा भूमि व्यवस्थासम्बन्धी आयोगहरू बन्न सुरु भएको हो । वि.सं. २०२१ सालमा भूमि सुधारको ठूलो हल्लाखल्ला नै भयो । आधा शताब्दी लामो भूमि सुधार र व्यवस्थासम्बन्धी नेपाल सरकारका कामहरू आयोगको प्रतिवेदन सार्वजनिक गर्नेभन्दा बढी खास केही भएनन् । ठोस कदम वि.सं. २०१६ को बिर्ता उन्मूलन र २०२१ को भूमि सुधार नै थियो । तर तिनले दलित भूमिहीनतालाई वास्तै गरेनन् । त्यसैगरी सबै भूमिसम्बन्धी आयोगका निष्कर्षमा दलित भूमिहीनताको ऐतिहासिक विशिष्टता परिभाषित नै गरिएन । यथार्थमा नेपालमा भूमि सुधारका निम्ति भनी राज्यले गरेका घोषणाहरू त मूलतः सामन्तलाई जग्गा लुकाउन दिइएको सूचनाको स्तरमा सीमित भयो ।

पश्चिम नेपालका हलिया प्रथाका हलियाहरू र तराई मधेसका हरवा-चरवा वास्तवमा मोही किसान हुन् । नेपालमा कानुनमै मानिएका मोहीले भन्दा बढी श्रम गर्नुपर्ने उनीहरू मोही नभए के हुन् त ? प्रथाका कारण मात्र मोहीको सट्टा हलिया वा हरवा-चरवा उनीहरूको परिचय बनेकोमात्र हो । आजसम्म पनि हरवा-चरवा वा पश्चिम नेपालका हलियालाई मोहीका रूपमा परिभाषित नगर्नु उनीहरूको अधिकार प्राप्तिको आन्दोलनको सैद्धान्तिक गल्ती भइरहेको छ । नेपालमा दास प्रथा अर्थात् बाँधाको मुक्ति चन्द्रशमशेरले पशुपतिनाथको खजाना झिकेर बाँधा मालिकको त्यतिबेला करिब ३५ लाख ऋण तिरिदिएर मुक्त गराए भनिएको छ । अर्थात् तत्कालीन दासहरूमाथि तिनका मालिकले अन्याय गरेको चन्द्रशमशेरले मानेनन् बरु स्वतन्त्र खेताला श्रमिकको श्रम खरिद गर्न सक्षम होस् भनी दास मालिकलाई अनुदान दिइयो । यसो भन्न मिल्ला कि तत्कालीन दासहरूलाई व्यक्तिबाट राज्यले किनेर राज्यअन्तर्गत बेहाल बन्ने व्यवस्थामा ल्यायो ।

चन्द्रशमशेर नेतृत्वको यो शासकीय प्रवृत्ति अहिलेसम्म जारी छ । कमैया, कमलरी र हलिया मुक्तिको घोषणा गर्दा उनीहरूले साहूको ऋण तिर्नु नपर्ने घोषणा



गरियो। पचासौँ वर्षसम्म गरेको श्रमले त्यो ऋणभन्दा धेरै गुणा बढी अन्यायपूर्ण असुल भइसकेको थियो। यथार्थमा कमैया, कमलरी र हलियाले तिनका जग्गा र घर धनीलाई उल्टो ऋण लगाइसकेका थिए। तर राज्यले कमैया, कमलरी र हलियालाई नै ऋणी मान्यो र राज्यचाहिँ ऋणदाता मालिकको पक्षमा उभियो। सयौँ वर्षदेखि अत्याचार गर्ने, श्रम लुट्ने बँधुवा बनाउनेहरूको अपराध माफ भयो तर अत्याचारमा पर्नेहरूचाहिँ दयाका पात्र बनाइए। त्यसैले त हिजो कमैया, कमलरी र हलियाका रूपमा दुःख पाए, मुक्त भनिएपछि मुक्ति नपाएर दुःख पाइरहेछन्।

कमैया, कमलरी र हलिया मुक्तिको घोषणा यथार्थमा उनीहरूलाई कमैया, कमलरी र हलिया बनाउने मालिकहरू, मालिक वर्ग एवं समुदाय र मालिक समुदायको राज्यको मुक्ति थियो। मालिकहरूको राज्यले नैतिकरूपमा गर्नुपर्ने क्षमायाचना र क्षतिपूर्ति दिनुपर्ने वर्तमानको लोकतान्त्रिक दायित्वबाट मुक्ति थियो। त्यसैले त पूर्वकमैया, कमलरी र हलियाको रसातलको जिन्दगी जारी छ तर किताबमा भने त्यो प्रथा छैन। यसरी नेपाल राज्यको आजसम्मको प्रवृत्ति प्रथा परम्पराको शोषण उत्पीडनलाई जायज ठहऱ्याउने अनि त्यसबाट ध्वस्त जीवनलाई दया गर्नेखालको छ जुन न्यायशास्त्रमा कुटिल अपराधी प्रवृत्तिका रूपमा बुझिन्छ। नेपाल राज्यको यही प्रवृत्तिका कारण नै हरवा-चरवाको मुक्तिको प्रश्न ओझेलमा परेको छ। वि.सं. २०१९ देखि आजसम्मका संविधान कानुन सबै दासत्वपूर्ण प्रथा अस्वीकार गर्छन् तर व्यवहारमा त्यो लागु भइरहेको छैन। आजको राज्य पनि पुरानै प्रवृत्तितिर स्पष्टै वेगवान देखिन्छ। भूमिहीन दलिततलाई जीविकोपार्जनका निम्ति जमिन उपलब्ध गराउने संविधानको भावनालाई बलात् तोडमोड गरेर घडेरीमात्र दिने षड्यन्त्र कानुनमा गर्नुले राज्यको जाली प्रवृत्ति छ्याङ्गै प्रष्ट भएको छ।

**मालिकहरूको राज्यले नैतिकरूपमा गर्नुपर्ने क्षमायाचना र क्षतिपूर्ति दिनुपर्ने वर्तमानको लोकतान्त्रिक दायित्वबाट मुक्ति थियो। त्यसैले त पूर्वकमैया, कमलरी र हलियाको रसातलको जिन्दगी जारी छ तर किताबमा भने त्यो प्रथा छैन।**

### ४. हरवा-चरवा आन्दोलन : गम्भीर समीक्षा आवश्यक

केही वर्षयता हरवा-चरवा अधिकार मञ्च जस्ता सङ्गठन गठन भई यस प्रथा विरोधी आन्दोलनात्मक अभियान चलेको छ। आन्दोलनले आफ्ना माग अघि सारेको छ। हरवा-चरवा बढी भएका स्थानमा सङ्गठन बनेका छन्। तर यस्ता सङ्गठन र आन्दोलनको सबैभन्दा ठूलो समस्या के देखिन्छ भने ती कुनै न कुनै दातृसंस्था वा गैरसरकारी संस्थाको उत्प्रेरणा र सहयोगमा उभिएका छन्। दातृसंस्था वा गैरसरकारी संस्थाको उत्प्रेरणा र जतिसुकै परोपकारी भए पनि तिनीहरू परियोजनामुखी हुन्छन्। तिनको परियोजनामुखी कामको ढाँचाले गर्दा आन्दोलन नै परियोजनामुखी बन्दै जाने जोखिममा फस्दै जान्छ। अधिकारका निम्ति आन्दोलन र सङ्गठन निर्माण राजनीतिक ढाँचामा ढालिएमात्र त्यसले राज्यलाई चुनौती खडा गर्न सक्छ। परियोजनाको ढाँचामा ढालिएपछि त त्यो राज्यको निम्ति कहिल्यै पनि चुनौती बन्दैन। दातृसंस्थाहरूको उत्प्रेरणाले परियोजनामुखी विकृति आन्दोलनमा घुसेपछि त्यस्ता आन्दोलनले राजनीतिक नेताहरू जन्माउँदैन्। बरु आन्दोलनमा मिसिएको परियोजनाबाट जीवन गुजारा गर्ने परजीवी पेशेवर कार्यकर्ताहरू उत्पादन गर्न थाल्छ।

राष्ट्रिय भूमि अधिकार मञ्च जस्ता सङ्गठनले निकै राम्रा अभियान चलाउँदा/चलाउँदै पनि अन्ततः यही रोगले गर्दा ठोस उपलब्धितिर वेग मार्न नसकेका हुन्। हलिया प्रथा, कमैया, कमलरी प्रथा विरोधी अभियानमा त्यही परियोजनामुखी प्रवृत्तिले विकृतिहरू पैदा हुन सजिलो भएको हो। तसर्थ हरवा-चरवा मुक्तिको आन्दोलनलाई राजनीतिक आन्दोलनमा कसरी रूपान्तरण गर्ने भन्ने नै मुख्य समीक्षाको विषय बन्नुपर्छ। यस आन्दोलनलाई राजनीतिक आन्दोलनको





रूप नदिइ न त यसले आफ्ना माग ठीक ढङ्गले प्रस्तुत गर्न सक्छ न त लक्ष्यतिर नै तीखो गरी परिचालन हुन सक्छ। जीवन गुजाराको निकै नै कठिन प्रक्रिया त्यसमाथि अपमानित दासत्वमा रहेको हरवा-चरवाको आन्दोलनलाई राजनीतिक रूप दिनु निकै नै कठिन काम हो तर त्यो दिशामा नगइकन समस्याको ठीक समाधान निस्कने छैन। त्यसैले हरवा-चरवा आन्दोलनको समीक्षा यही विषयमा केन्द्रित गर्नैपर्छ।

५. निष्कर्ष

क) सबैभन्दा पहिले त हरवा-चरवा आन्दोलनले हरवा-चरवामाथिको ऋण खारेजी र पुनःस्थापनाको अवधारणाबाट आफूलाई माथि उठाउनुपर्छ। वर्षौँदेखि उनीहरूको श्रम लुटेर पनि अझै उनीहरूको टाउकोमाथि ऋण छ भन्नु उनीहरूमाथि खराब प्रथाले लादेको अत्याचारमात्र हो। उनीहरू ऋणी होइनन्, अन्यायपूर्ण प्रथा र प्रथालाई टिकाइराख्ने राज्यका उत्पीडितहरू हुन्। त्यसैले आन्दोलनले हरवा-चरवा ऋणी होइनन् भन्ने घोषणा गर्नुपर्छ र राज्यलाई सो घोषणा स्वीकार गर्न बाध्य पारिनुपर्छ। बाँधा प्रथामार्फत् लुट मच्चाएर हरवा चरवाको पुस्तौँको जीवन ध्वस्त बनाउने अपराध हुन पुगेकाले राज्यले क्षमा याचना गर्नुपर्छ। साथै ऐतिहासिक उत्पीडनको क्षतिपूर्तिस्वरूप हरवा-चरवा परिवारले स्वतन्त्रतापूर्वक सम्मानजनक जीवन जिउन सक्ने आर्थिक, शैक्षिकसहितको समग्र प्याकेज उपलब्ध गराउनुपर्छ।

**हरवा चरवाको सङ्गठन र सरकारबीच सम्झौताले मात्र वास्तविक मुक्ति प्रक्रिया सहज छैन। किनभने यो विषयलाई तराई मधेसस्थित समाजको वर्ग संरचना, अर्थतन्त्र र संस्कृतिसँग घुलमिल भएको विषय हो भन्ने बुझ्नुपर्छ।**

ख) नेपाली समाजकै दासत्वपूर्ण प्रथामध्ये सबैभन्दा खराब र अन्तिम अवशेषबाट सदाका निम्ति मानिसलाई मुक्त गर्न राज्यले हरवा-चरवा प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, राजनीतिक पार्टीका प्रतिनिधि र राज्यका प्रतिनिधि रहने गरी विशेष शक्तिशाली आयोग वा संरचना खडा गरी हरवा-चरवा मुक्तिको प्रक्रिया अघि बढाउन राज्यलाई दबाब सिर्जना गर्नुपर्छ।

ग) हरवा-चरवा प्रथा जुन क्षेत्रमा छ त्यहाँको चल्तापुर्जा मध्यम वर्ग नै यो प्रथाबाट सबैभन्दा बढी लाभान्वित छ। त्यो वर्ग राजनीति, व्यापार, बौद्धिक क्षेत्र आदिमा हावी छ। त्यो वर्गको सुविधाको खुसियाली हरवा-चरवाको सस्तो श्रम र अपमानित जीवनमाथि टिकेको छ। त्यस कारणले ती क्षेत्रमा सबैजसो पार्टीले हरवा-चरवामाथिको उत्पीडनलाई पार्टीको सरोकारभित्र प्रवेश नै गराउँदैनन्। किनभने पार्टीको हर्ताकर्ता त त्यही वर्ग छ। अर्कोतिर हरवा-चरवा प्रथाको बँधुवा जीवन संसदीय राजनीतिका निम्ति सस्तो भोट ब्याङ्क पनि हुने गर्छ। यो सस्तो ब्याङ्कलाई स्वतन्त्र भएको देख्न नचाहने राजनीति अर्को समस्याका रूपमा छ। त्यसैले हरवा-चरवा आन्दोलनले आफूलाई राजनीतिक आन्दोलनबाट अलग राखेर होइन, राजनीतिक पार्टीहरूको एजेन्डाभित्र यस विषयलाई प्रवेश गराउने रणनीति बनाउनुपर्छ। साथै प्रगतिशील न्यायप्रेमी नागरिक समाजलाई यस आन्दोलनसँग बढीभन्दा बढी जोड्ने रणनीति लिनुपर्छ। हरवा चरवाको सङ्गठन र सरकारबीच सम्झौताले मात्र वास्तविक मुक्ति प्रक्रिया सहज छैन। किनभने यो विषयलाई तराई मधेसस्थित समाजको वर्ग संरचना, अर्थतन्त्र र संस्कृतिसँग घुलमिल भएको विषय हो भन्ने बुझ्नुपर्छ। तसर्थ, आन्दोलनलाई समग्र सामाजिक जागरणको रूप दिने रणनीति अख्तियार गर्नु अपरिहार्य छ। ✿

राष्ट्रिय दलित नेटवर्कले आयोजना गरेको हरवाचरवाको मुक्ती र पुनर्स्थापनासम्बन्धी कार्यक्रममा प्रस्तुत धारणा

## विष्णुबहादुर मानन्धर

# जमिनदार भएर जमिनदारविरूद्धै सङ्घर्ष



पूर्वप्रधान मन्त्री माधवकुमार नेपालका ५ भाइ बुबामध्ये जेठा थिए इन्द्रकुमार नेपाल । जसलाई विष्णुबहादुर मानन्धरका बुबाले आफ्नो घरको मेनेजर बनाएर राखेका थिए । त्यतिबेलाका जल्दाबल्दा ठूला जमिनदार भएकाले पढेलेखेका त्यसमाथि ब्राह्मण भएकाले इन्द्रकुमारलाई आफ्नो सबै हिसाबकिताब हेर्नेगरी नियुक्त गरेका थिए । जो निकै विश्वास पात्रसमेत थिए । यिनै इन्द्रकुमारलाई अकस्मात भेटे वनारसमा पढ्दै गरेका विष्णुबहादुरले । किन आएको, कहाँ जान लागेको जस्ता प्रश्नको उत्तर खोज्ने क्रममा थाहा पाए कि विष्णुबहादुर आन्दोलनमा लागेको खबर पुगेकाले उनका बाबुले जसरी भए पनि ल्याउनू भन्ने आदेश दिएर पठाएका रहेछन् ।

वनारस नेपालीको पढ्ने ठाउँमात्र थिएन । यो नेपालीका लागि धार्मिक, व्यापारिक र राजनीतिक जमघटको थलोसमेत थियो । जहाँ नेपाली धर्मशालीदेखि नेपाली टोलसम्म थिए । ती सबै ठाउँमा नेपालीकै उठ्बस् हुन्थे । त्यसै क्रममा राजनीतिक कार्यक्रमका अवसरमा गइरहने बिपी कोइराला, डिल्लीरमण रेग्मी जस्ता दर्जनौँ नेताको भाषण सुनेर विष्णुबहादुर बिस्तार बिस्तार राजनीतितिर होमिइसकेका थिए । भनौँ, उनमा एकप्रकारले राजनीतिको नशा लागिसकेको थियो । त्यसैले आफूलाई लिन आएका इन्द्रकुमारलाई भनिदिए- 'क्रान्तिमा लागेको मान्छे क्रान्ति सफल नभई घर फर्कँदैन । बाँचे त फर्किहाल्छु नि ।' धेरै सम्झाए तर केही नलागेपछि इन्द्रकुमारसँग निराश भएर फर्कनुको विकल्प नै भएन ।

### राणा शासनविरूद्धको आन्दोलन

त्यतिबेला मुलुकमा राणा शासन थियो । जहानिया यो हुकुमी शासनका कारण सर्वसाधारण उकुसमुकुस थिए । त्यसैले त्यतिबेला आन्दोलन, सङ्घर्ष, क्रान्ति जे भने पनि त्यसको तीर राणा शासनतर्फ नै केन्द्रित हुनु स्वाभाविक थियो । त्यही कारण विष्णुबहादुर पनि यही मिसनमा होमिए । उनी नेपाली कङ्ग्रेसमा लागे । त्यतिबेला कम्युनिस्ट पार्टी गठन नभइसकेकाले आन्दोलन गर्छु भन्नेले कङ्ग्रेसमै लाग्नुको विकल्प थिएन । विष्णुबहादुर मानन्धर पनि अपवाद थिएनन् ।

त्यस क्रममा विष्णुबहादुरले धनगढीदेखि नेपालगन्जसम्मका विभिन्न आक्रमणमा भाग लिए । उनी क्वार्टर मास्टर (हतियारहरूको इन्चार्ज) थिए । गुलरिया, राजापुर, नेपालगन्ज जस्ता विभिन्न ठाउँ कब्जा गर्नेमा उनको उल्लेख्य भूमिका रह्यो । बिए पास गरेर एमए पढ्दै गर्दा नेपाली कङ्ग्रेसका सदस्य भई मुक्ति सेनामा लागेका विष्णुबहादुर राणा शासन अन्त्य गर्ने एक सूत्रीय मागमा अडिग थिए । हुन त त्यतिबेलाको क्रान्तिको मुख्य उद्देश्य पनि यही थियो ।

नेपालगन्जमा ध्रुवशमशेर भन्ने मान्छे बडाहाकिम थिए । विष्णुबहादुरसहितका क्रान्तिकारीहरूले उनलाई एकाध घण्टाभित्र आफूहरूसमक्ष आत्मसमर्पण गर्न आदेश दिँदै 'नगरे जे पनि हुन सक्ने' भन्दै धम्क्याएका थिए । नभन्दै उनले दिइएको समयसीमाभित्रै आत्मसमर्पण गरे पनि । अन्यत्र पनि राणाका प्रतिनिधिहरूलाई आत्मसमर्पण गराउने तथा हटाउने क्रम जारी थियो । यसरी उनीसमेत सामेल भएको क्रान्तिले २००७ सालमा राणा शासन फ्याँक्यो । मुलुकमा प्रजातन्त्र आयो ।

नेपालगन्जमा आकाशवाणी थियो । जसले महत्वपूर्ण खबरहरू आदान-प्रदान गर्थ्यो । विष्णुबहादुरहरू मिलेर त्यही आकाशवाणीलाई रेडियोमा रूपान्तरण गरे । जसमा क्रान्तिसम्बन्धी खबरहरू दिइन्थ्यो । विष्णुबहादुरको काम भने अङ्ग्रेजीमा समाचार भन्ने थियो । यसरी समाचार भन्ने क्रममा उनले रेडियोबाटै अब जमिनदारी प्रथा हटाइने र खेती गरिरहेको जग्गामा मोहीले मोहियानी हक पाउने घोषणासमेत गरेका थिए । यो घोषणाबाट आत्तिएका स्थानीय जमिनदारले भारतीय सुरक्षाकर्मी निम्त्याएर



क्रान्तिकारीहरूमाथि आक्रमणसमेत गराएका थिए। जतिबेला विष्णुबहादुर भने घर फर्किसकेका थिए। जब क्रान्ति सफल भयो तब उनले आफूलाई क्रान्तिबाट अलग गर्न आएका इन्द्रकुमारलाई दिएको वचनअनुसार नै घर फर्केर इमानदारिता देखाएका थिए। अर्थात संयुक्त सरकार निर्माण भएपछि विष्णुबहादुर रौतहटस्थित घर फर्के, उद्देश्य पूरा गरेर।

## ध्यान समाज सुधारतर्फ

सङ्कट निवारण समिति नामक संस्था खोलेका थिए विष्णुबहादुरहरू मिलेर। जसको अध्यक्ष केवल चौधरी थिए। गाउँमा आइपर्ने विघ्नवाधा हटाउनु यो समितिको मुख्य उद्देश्य थियो। त्यतिबेला भारतले नेपाललाई अनुदानमा कपडा दिन्थ्यो। यही कारण भारतमा बनेका कपडा उताभन्दा नेपालमा सस्तो पर्न जान्थ्यो। तर केही व्यापारी मिलेर यसरी नेपाललाई सहयोगबापत दिइएको कपडा यहाँ बिक्री नगरी पुनः भारततर्फ नै तस्करी गर्ने काम गरिरहेका थिए। बिक्री गरे पनि सहुलियत दरमा नगरी महँगोमा बिक्री गर्थे। कात्रोसमेत महँगो मूल्यमा किन्नुपर्दा जनता आक्रोशित थिए। जुन कुरा कसैलाई पनि मन परेको थियो। त्यसैले विष्णुबहादुरहरूले रौतहटका बासिन्दासँग मिलेर यसरी हुने तस्करी रोके। उनीहरूले एकैपटक २ सय गाँठ कपडा भारत जानबाट रोकेका थिए।

गणेशमान सिंह उद्योग वाणिज्य मन्त्री थिए। यो कुरा उनीसम्म पुग्यो। उनले यो कुरा जाँचबुझ गर्न आफ्नो मन्त्रालयका सचिव नै पठाए। उजुरी गर्नेले उल्टै विष्णुबहादुर मानन्धरले ५ लाख रुपियाँ घूस खाएको बताएका रहेछन्। सचिवले व्यापारीको खोल ओढेर तस्करी गर्नेलाई कारबाही गर्लान् भन्ठानेका विष्णुबहादुर, केवलहरू त्यतिबेला जिल्ला परे जतिबेला सचिवले तिनै व्यापारीको पक्ष लिए।

अब भएन बा भनेर यो समितिले कपडा तस्करी, सचिवको मिलेमतो आदिबारे उल्लेख गरेर एउटा पर्चा निकाले। अनि त्यो पर्चा बाँड्न भनेर सिंहदरबारसम्म पुगे विष्णुबहादुरहरू। चोटा/कोठा सबै बाँडे पनि। सचिव रिसले मुर्मुरिए। आफूलाई आरोप लगाएको भनेर चर्कैसँग रिसाए पनि। यो समितिका प्रतिनिधिहरूले वास्तविक कुरा जानकारी गराउन मन्त्री गणेशमान सिंहलाई भेट्न खोजेका थिए तर उनले भेट्न मानेनन्। त्यसपछि विष्णुबहादुरहरूले सिंहदरबारमै नाराबाजी गरे गणेशमान बाहिर निस्कन खोज्दा। तर पनि भेट गर्न र उनीहरूका कुरा सुन्न राजी भएनन्।

पछि सङ्कट निवारण समितिकै पहलमा घरधुरी सर्वेक्षण गरी उनीहरूका परिवार गनिए र उनीहरूलाई वर्षमा कति कपडा लाग्छ भन्ने अनुमान पनि गरियो। र, यसरी घर घरमा खपत हुने कपडा व्यापारीले अनुदानित मूल्यमै दिनुपर्ने नियम बसाइयो। व्यापारीहरू समितिका यस्ता कामदेखि आक्रोशित त थिए तर समितिको पक्षमा जनलहर भएकाले उनीहरू निर्णय मान्न भने बाध्य थिए।

शिक्षा प्रचार समिति पनि गठन गरेका थिए उनीहरूले। जसको अध्यक्ष थिए- कृष्णप्रसाद भण्डारी (वरिष्ठ अधिवक्ता)। यो समितिले रौतहटका गाउँ गाउँ डुलेर विद्यालय स्थापना गर्ने काम गरेको थियो। पाठ्यक्रम र पाठ्यपुस्तक मनलागी पढाइ हुन्थे। एकरूपता थिएन। त्यसैले यो समितिले यो पारा ठीक भएन भनेर एउटै पाठ्यपुस्तक पढाउनुपर्ने नियम बनायो। अनि हिन्दुस्तानबाट ल्याएर त्यस्ता पुस्तक वितरणसमेत गऱ्यो। यी यस्ता काम थिए जसले विष्णुबहादुरलगायत यी समितिका अगुवाको छवि समाजमा राम्रो बनाउन सघाइरहेको थियो। र, सोभ्रो अर्थमा भन्दा आन्दोलनका लागि जग ऊर्वर बनिरहेको थियो।

## कुरा किसान आन्दोलनका

भूमि अधिकारसँग जोडिएका समस्या दुईखाले छन्। एक, त्यस्तो साझा जो नेपालभर उस्तै छ। जस्तो- सुकुमबासी समस्या। दोस्रो, ठाउँविशेषको। जस्तो- तराईमा भूमिहीन वा कृषि मजदूरलाई दिइएको ऋणबापत अत्यधिक ब्याज लिइन्छ। रौतहट, बारा, पर्सालगायत तराईमा बसोबास गर्ने भूमिहीन तथा गरिब किसान परिवार यो समस्याबाट निकै सताइएका थिए। कसैलाई केही समस्या पर्दा ऋण दिने वित्तीय संस्था थिएनन्। जमिनदार नै वित्तीय संस्था बनेका थिए। त्यसैले आफ्नो गर्जो टार्न ऊसमक्ष जानु र भने जति ब्याजमा ऋण स्वीकार्नुको कुनै विकल्प हुने थिएन।

त्यतिमात्र हैन, वरिपरिका शिर जग्गा (ऐलानी) मा पनि स्थानीय जमिनदारकै हक लाग्थ्यो। त्यस्तो जग्गा भूमिहीन, गरिब परिवारले गरिखान पाउँदैनथे। तर त्यस्तो शिर जग्गामा खेतीपाती भने तिनै गरिब, भूमिहीन किसानले गरिदिनुपर्थ्यो, त्यो पनि सित्तैँमा। बेठबेगारी भनिने यो चलनले पनि गरिब किसान भित्रभित्रै आक्रोशित बनिरहेका थिए।

त्यतिखेर जमिनदारहरू बलियो हुनुका धेरै कारण थिए। जसमध्ये एक थियो- १ सय रुपियाँ बराबरको कारोबारका लागि भूमि अड्डा धाउनु पर्दैनथ्यो। नामसारी गर्ने अधिकार पनि थियो उसैमा। जमिनदार र पटुवारी मिलेर गर्थे यो काम। कुनै जग्गा अलि धेरैमा किनबेच भयो भने पनि त्यसलाई

सय रुपियाँमै भएको उल्लेख गर्थे र आफैँ छिनोफानो गरिदिन्थे । बरु यसबापत केही रकम खान्थे 'मिलाएर' । यसले पनि स्थानीय अलिक टाठाबाठालाई झोक चलाइरहेको थियो ।

यही परिवेशमा २००९ सालमा रौतहटमा अखिल नेपाल किसान सङ्घको सम्मेलन आयोजना भयो । सम्मेलनका क्रममा यस्तो चर्को ऋणबारे जाँचबुझ गर्न एउटा आयोग गठन गरिनुपर्ने, त्यो आयोगले वास्तविकता जाँचबुझ गर्नुपर्ने र अन्यायमा परेका किसानको ऋण मिनाहा गर्नुपर्ने माग अघि सा¥यो । यो किसान सङ्घको अध्यक्ष थिए- तुलसीलाल अमात्य । किसानका यिनै माग प्रचार गर्ने क्रममा रहेका बेला महम्मदपुर भन्ने गाउँमा उनलाई पक्राउ गर्न सुरक्षाकर्मीले घेरा हाले । सयौँको सङ्ख्यामा उपस्थित स्थानीयले प्रहरीसमेत जल्ने गरी आगो लगाइदिने धम्की दिएपछि उनीहरू त्यहाँबाट भागेका थिए । जनता एक भए भने सधैँ आफूहरूलाई धम्क्याउने सुरक्षाकर्मीसमेत भाग्दारहेछन् भन्ने पाठ सिकायो यो घटनाले । त्यसपछि पनि किसानका लागि केही गर्नुपर्छ भन्ने मिसनमा लागेका विष्णुबहादुरको आत्मबल बढ्यो ।

यो त्यही आत्मबल वृद्धिको प्रमाण थियो जसले गरिब किसानले जमिनदारसँग लिएको ऋणको भर्पाइ माग्ने र च्यात्ने काम ग¥यो । उसै त चर्को ब्याज, त्यसमा पनि चक्रवृत्ति ब्याज जोड्ने गर्दा धेरै किसानको उठिबास लागेको थियो । यही कुरा सह्य नभएपछि विष्णुबहादुरहरूले यसरी ऋण नतिर्न भन्दै भर्पाइ च्यात्ने अभियान नै चलाएका थिए । जुन आन्दोलनको नाम 'कागज फट्टा' रहन गयो । रौतहट, बारा र पर्सामा एकदमै प्रभावकारी रहेको यो अन्दोलन सर्लाही र तराईका अन्य केही जिल्लामा पनि राम्रै भूमिका निर्वाह गर्न सफल भयो ।

## कम्युनिस्टप्रति झुकाव

किसानहरूको आक्रोश यसरी भित्रभित्रै सल्कँदै गएको थियो । यही क्रममा करिब १० हजार जति किसान सहभागी आन्दोलन भयो गौरमा । २००९ सालको कुरा । उनीहरूका माग पनि जमिनदारी प्रथाविरुद्ध थियो । उनीहरूले दिएका दुःख हटाउनुपर्नेमा केन्द्रित थियो । यो आन्दोलनको नेतृत्व वीरगन्ज घर भई रौतहटमा किसानका पक्षमा काम गर्ने निर (पार्टीको नाम) र नारायण मानन्धरले गरेका थिए । जब निर र नारायणलाई प्रहरीले पक्राउ ग¥यो, यति ठूलो सङ्ख्याका आन्दोलनकारी किसान उनीहरूलाई तत्काल छाड्नुपर्ने मागका साथ धर्ना बसे । उनीहरू प्रहरीको लठ्ठी खाएर पनि रातभर त्यहीँ धर्ना बस्न तयार देखिए ।

आफ्नै ठाउँमा भएका यी सबै गतिविधि सूक्ष्मतवरले नियालिरहेका विष्णुबहादुर किसानको यो अठोट र दृढता देखेर निकै प्रभावित बने । उनीहरू बिहानैदेखि पूरै भोको भए पनि आफ्ना दुःख/पीडाप्रति चिन्तित थिए र तिनै समस्या उठाउने नेताहरूप्रति उत्तिकै श्रद्धावान पनि । यो देखेर माया लागेपछि विष्णुबहादुरले आफ्नै टोलका केही चिनजानकै युवा बटुले र लागे हाट लागेका ठाउँतिर । हाटबजारका व्यापारीसँग अनुनय/विनय गरे, केही खाद्यान्न चन्दा उठाए । सखरखण्ड निकै हुने भएकाले दुई गाडा जति त सखरखण्ड नै जम्मा पारे । जसजसले घरबाट बिक्री गर्न ल्याएका कुरा बिकेका थिएनन्, ती खानेकुरा पनि मागे । जोसँग जे छ, त्यही दिन अनुरोध गरे । अनि ल्याएर धर्नामा बसेका यी हजारौँलाई बाँडचुँड गरे पुगेको जति । विष्णुबहादुर र उनको समूहले राजनीतिक दृष्टिले खाद्यान्न चन्दा मागेका थिए तर दिनेले धार्मिक दृष्टिले ओतप्रोत भएर दिए । खान नपाउनेलाई दिनु स्वाभाविक पनि थियो । जे होस्, सबैलाई धेर/थोर पुग्ने खाद्यान्न जुट्न सक्यो ।

**आन्दोलनकारीहरू जिल्ल परे । अपरिचित मानिसले यति धेरैलाई खुवाएको खबर चारैतिर फैलियो । प्रशासनदेखि आन्दोलनकारी नेतासम्म 'एक कान, दुई कान, मैदान' हुँदै फैलियो खबर । आखिर २२ वर्षका युवाले किन र कसरी यति धेरै किसानलाई खुवाए त खानेकुरा ?**

आन्दोलनकारीहरू जिल्ल परे । अपरिचित मानिसले यति धेरैलाई खुवाएको खबर चारैतिर फैलियो । प्रशासनदेखि आन्दोलनकारी नेतासम्म 'एक कान, दुई कान, मैदान' हुँदै फैलियो खबर । आखिर २२ वर्षका युवाले किन र कसरी यति धेरै किसानलाई खुवाए त खानेकुरा ? थुनामा रहेका निर र नारायणले पनि थाहा पाएछन् खबर । अनि बोलाए थुनिएकै ठाउँबाट । जब विष्णुबहादुर उनीहरूलाई भेट्न गए, निर र नारायणले केही कुराकानी गरेपछि वीरगन्ज गएर केदारनाथ उपाध्यायलाई भेट्न अनुरोध गरे । किसानका पक्षमा आवाज उठाउने र यति धेरै मानिसको मन जित्न सक्ने को रहेछ भन्नेबारे व्यापक कौतुहलता थियो विष्णुबहादुरमा पनि । जब निर, नारायण र केदारनाथलाई भेटेर कुराकानी गरे, तब उनले थाहा पाए कि यो त कुनै व्यक्ति भन्दा पनि कम्युनिस्ट पार्टीले गरेको रहेछ । त्यही बुझेपछि विष्णुबहादुरले निर्णय गरे- अब म कम्युनिस्ट पार्टीमा लाग्छु । वास्तविक किसान र गरिबको मुक्ति गर्ने पार्टी त यो पो रहेछ ।

## असफलता/सफलता

कागज फट्टा आन्दोलन सफल हुन सकेन । सरकारी नियमअनुसार नै १० प्रतिशतसम्म ब्याज लिन पाइन्थ्यो । यसरी तोकिएभन्दा धेरै ब्याज लिएकोबारे कानुनी उपचार खोज्न सकिन्थ्यो तर आफूखुसी हिसाबले अघि बढ्दा आन्दोलन अनियन्त्रित बन्न पुग्यो । सामन्तले सरकार गुहारे । सरकारले पनि उनीहरूकै साथ दियो । आन्दोलनकारी किसान तथा उनीहरूका नेतामाथि ठूलो दमन भयो । उल्टै यो आन्दोलन किसानका लागि घातक हुन पुग्यो । किनकि सामन्तहरूले सरकारको सहयोगमा



च्यातिएको भर्पाइको सट्टा नयाँ भर्पाइ बनाए। जसमा आफूलाई मन लागेको जति ऋण उल्लेख गरे। दमनमा परेका किसान उनीहरूले जस्तोसुकै र जति पैसा उल्लेख गरेर भर्पाइ बनाए पनि चूपचाप सहन बाध्य भए।

यसरी समस्यामा परेका किसानले पुनः जुनसुकै सर्तमा भए पनि ठूला किसानसँग पैसा र अनाज पैंचो लिनुपर्ने बाध्यता सिर्जना भयो। नत्र बिहान/बेलुकाको छाकै नटर्ने भयो। यो अवस्था आइलागेपछि आन्दोलनरत किसान निराश भए। उनीहरू कम्युनिस्ट पार्टीबाट अलग भए। कार्यक्रम तथा आन्दोलनहरूमा आउन छाडे। तर पनि विष्णुबहादुर मानन्धरलगायतका नेताहरूले किसान आन्दोलनको नेतृत्व गर्न छाडेनन्। उनीहरूले दमन र शोषणविरुद्ध किसानलाई जागरुक पार्ने काम गरि नै रहे।

२०१४ सालको कुरा हो। प्रतिदिन काम गरेबापत ४ किलोग्राम धान दिने प्रचलन थियो। किसानले यसलाई ६ किलोग्राम पुऱ्याउनुपर्छ भन्ने माग राखेर आन्दोलन सुरु गरे। जग्गावाला ज्याला बढाउन तयार नहुने र किसान पनि ज्याला नबढाइ मजदूरी नगर्ने आआफ्नो अडानमा टसमस नभएपछि पचासौं गाउँका जग्गा बाँझै रहन पुगे। ३-४ विघावालाको भनाइ थियो कि 'हामीले लिएको ऋणको ब्याज घट्दैन तर हामी ज्यालाचाहिँ कसरी बढाउन सक्छौं ?' यो आन्दोलन पनि सफल हुन सकेन। दमन निकै भयो।

यसरी एकपछि अर्को आन्दोलन असफल हुँदै गइरहेको थियो तर पनि किसानमा चेतना जगाउने काम भने तीव्ररूपमा गरेका थिए यस्ता आन्दोलनले। कम्युनिस्ट पार्टीको नेतृत्वमा भएका यस्ता आन्दोलनमा गरिब र मजदूर किसानको व्यापक समर्थन थियो भन्ने प्रमाण २०१५ सालको निर्वाचन बन्यो। जतिबेला कम्युनिस्ट पार्टीले सिङ्गै मुलुकभर जम्मा ४ सिट जितेको थियो। त्यसमध्ये २ सिट अर्थात ५० प्रतिशत रौतहटले जिताएको थियो। यतिबेला शेख फरमान र हरदयाल महतोले कम्युनिस्ट पार्टीबाट चुनाव जितेर यहाँका गरिब किसानको अभिमत आफूहरूतर्फ भएको पुष्टि गरेका थिए।

सफलता चुनावी परिणाममा मात्र सीमित रहेन। यस्ता आन्दोलनले शोषक र शोषितबीचको वर्गीय भावना पनि छताछुल्ल पारिदियो। शोषकविरुद्ध उत्रन लाखौंलाई उत्प्रेरित गऱ्यो। कर्मचारीले सर्वसाधारणलाई सित्तैंमा काम गराउने ७ सालअघिदेखिकै प्रचलन हटाउन मद्दत गऱ्यो। विष्णुबहादुर र उनको समूहले आफ्नो जिल्लामा 'केही नलिइ कसैको पनि काम सित्तैंमा नगर्न' उर्दी नै जारी गरेका थिए। कर्मचारी गाउँ जाँदा स्थानीयलाई भारी बोकाउने प्रचलन पनि स्वात्तै घट्यो। यसरी आन्दोलनहरूको मुख्य प्रभाव चेतना वृद्धिमा ह्वात्तै देखियो।

## आरोह/अवरोह

२०१५ सालको चुनावमा नेपाली कङ्ग्रेसले दुईतिहाइ बहुमत ल्यायो। प्रजातान्त्रिक सरकार भएकाले अब किसानका पक्षमा केही गर्न सकिन्छ भन्ने लाग्दै थियो विष्णुबहादुरलाई तर २०१७ साल पुसमा राजा महेन्द्रले बहुदलमाथि नै प्रतिबन्ध लगाइदिए। अन्य नेता जस्तै उनलाई पनि पक्राउ पुर्जी जारी गरियो। १ वर्ष जति भारतमा बिताए। पार्टीले खुलारूपमा गतिविधि गर्ने निर्णय लिएपछि उनी नेपाल आएका के थिए, जनकपुरबाट जयनगर जाने क्रममा पक्राउ परे। यसरी १ महिना महोत्तरी र १ महिना नख्खु कारागारमा राखिए।

२०२१ सालमा राजा महेन्द्रले आफ्नो सत्ता टिकाउने एउटा प्रपञ्चका रूपमा भूमि सुधार कार्यक्रम लागु गरे। यो विष्णुबहादुर मानन्धर र उनको कम्युनिस्ट पार्टीले चाहेजस्तो थिएन तर पनि तुलनात्मकरूपमा किसानका लागि फाइदाजनक हुने देखेर विष्णुबहादुरहरूले पूरै सघाए कार्यक्रमलाई। अनि यसबाट जतिसक्दो फाइदा लिन किसानलाई प्रेरित गरिरहे। मोहियानी हक कायम गराउने, शोधभर्नाबापत लिएको जग्गा हिसाब गरेर फिर्ता गराउने, हदबन्दीभन्दा बढी जग्गामा मोही लागेको छ भने त्यस्तो जग्गा कुतको १८ गुणा बढी तिरेपछि मोहीले लिन पाउने व्यवस्थाको बढी नै सदुपयोग गर्ने जस्ता कुरामा विष्णुबहादुरको ध्यान केन्द्रित भयो।

त्यस क्रममा उनले कुत तिरेर पनि भर्पाइ नपाएका हजारौं किसानलाई भर्पाइ दिलाउन सहयोग गरे। यस्तो भर्पाको खेस्रा आफैं तयार गरेर जमिनदारहरूलाई सही गर्न बाध्य तुल्याए। पश्चिमतिर मोहीले उत्पादनमध्ये ५ भागको २ भागमात्र कुत दिए हुने चलन थियो तर तराईमा भने आधा जग्गावालालाई दिनुपर्थ्यो। यसरी दिँदा पनि भर्पाइ भने नदिने गरेकाले विष्णुबहादुरहरू जाग्नुपरेको थियो। यतिबेला गाउँ गाउँमा कर्मचारी पठाइए पनि कतिपय मोहीले 'मालिक' को डरका कारण मोहियानी हक लेखाउनै डराउँथे। यही बुझेका विष्णुबहादुरले मालिकसँग नडराइ मोहियानी हक लेखाउन सहयोग पुऱ्याउने उद्देश्यले आफ्ना १ सयभन्दा बढी कार्यकर्ता गाउँ गाउँ खटाएका थिए। जतिबेला उनी नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय सदस्यमात्र नभई रौतहटका जिल्ला सचिवसमेत थिए। यही कारण २०२१ सालको भूमि सुधार

कार्यक्रमका क्रममा सबैभन्दा बढी मोहियानी हक रौतहटका किसानले कायम गराउन सकेका थिए।

समयअनुसार आफूलाई ढाल्नमा पनि पोख्त थिए विष्णुबहादुर। २००९ सालमा बारा, रौतहट र पर्सामा निकै सक्रिय अखिल नेपाल किसान सङ्घमाथि प्रतिबन्ध लगायो सरकारले। तर खाने मुखलाई जुँगाले छेक्दैन भनेझैँ विष्णुबहादुरहरू मिलेर किसान पञ्चायत गठन गरे। नामको पछाडि पञ्चायत जोडेपछि आफ्ना गतिविधि खुलेयाम गर्न सकिने भएकाले उनीहरू यसो गर्न बाध्य भएका थिए। नभन्दै किसान अधिकारका कति कुरा यही निकायमार्फत पनि उठाइरहे।

## आफ्नै कुरा

भूमिहीन, कृषि मजदूर र सुकुमबासी जस्ता गरिबका समस्या एक्लैदुक्लै गरेर समाधान हुनेखालका हैनन् भन्ने राम्रो बुझाइ थियो विष्णुबहादुरमा। त्यसैले उनले २०२४ सालमा आफ्नो जिल्लामा क्रियाशील नेपाली कङ्ग्रेस र प्रजापरिषद् बोलाएर एउटा बैठक गरे। जसको उद्देश्य थियो- 'सरकार हामीसँग कर त उठाउँछ तर त्यो केमा खर्च गर्छ, किसानको हितमा कति खर्च गर्छ भन्ने जस्ता जानकारी दिँदैन। त्यसैले अब त्यो जानकारी माग्नुपऱ्यो।' र, यसका लागि पर्चा पनि निकाल्ने कुरा भयो। बैठकमै सहभागी कुनै एकजनाले यो जानकारी लगत्तै प्रशासनमा पुऱ्याएछन्। भोलिपल्टै विण्णुबहादुरलाई पक्राउ गरेर गौरबाट वीरगन्ज लगियो। त्यो पनि पैदलै हिँडाएर।

'कसैले चाहे पनि नचाहे पनि पञ्चायती व्यवस्था चलिरहेको छ'- पर्चामा उल्लेख थियो। उनलाई पक्राउ गर्ने आधार पनि यही वाक्य थियो। उनलाई सेनाले पक्रेको थियो। जब भोलिपल्ट सेनाको हाकिमसमक्ष लगियो, उनले भने कि यस पर्चाका आधारमा हामीले पक्रन मिल्दैन। तपाईँमाथि अन्याय भयो। त्यसैले आज कोही आफन्तको घरमा बस्नूस् र भोलि गोश्वारमा हाजिर हुनूस्।

गोश्वारामा हाजिर भएपछि कर्मचारी (हाकिम) ले यो वाक्य पढे र अर्थ सोधे विष्णुबहादुरलाई। उनी पनि के कम र ? भनिदिए- 'लेख्नेको काम लेखिदियो। अर्थ आफैँ लगाउनूस्।' ती कर्मचारीसँगै बस्ने एकजनाले अङ्ग्रेजीमा कुरा गऱ्यो- यो दुई अर्थ लाग्नेखालको गजबको रणनीतिक वाक्य यस्तो मान्छेले कसरी लेख्यो, हेर्दा त अनपढ जस्तो छ। बिए पास गरेका र अङ्ग्रेजीमा राम्रै दख्खल भएका विष्णुबहादुरले कुरा बुझिहाले। अनि ३-४ दिन थुनेर पठाए अञ्चलाधीशसमक्ष जतिबेला लीलाराज बिष्ट थिए यो पदमा।

विष्णुबहादुरले सुनेका थिए कि लीलाराजले ठाउँठाउँमा आफूलाई कम्युनिस्ट पार्टीका संस्थापक नेता पुष्पलालको चेला हुँ भन्थे भन्ने। त्यसैले उनले मौकामा चौका हाने- आफूलाई पुष्पलालको अनुयायी ठान्नेले पनि गरिबको पक्षमा काम गर्ने म जस्तो कम्युनिस्ट पार्टीको मान्छेलाई दुःख दिने हो ? अवाक परेका लीलाराजले एउटा तारिक लिनूस्, छुटकारा पाउनुहुन्छ भने। तर विष्णुबहादुरले यो एउटा तारिक पनि किन लिने भनेर अड्डी कसेपछि उनी छाडिए।

एकपटक पञ्चायत सरकारले नारायणीभरका गतिला मान्छे समेटेर बुद्धिजीवी सम्मेलन आयोजना गरेको थियो। विष्णुबहादुरलाई पनि केवल चौधरीमार्फत निम्तो प्राप्त भयो। पञ्चायतले गरेको कार्यक्रममा किन जाने भन्नेबारे उनीहरूबीच केही छलफलसमेत भएको थियो। पछि केवलले तपाईँजस्तो मान्छे नै नगए त्यो कसरी बुद्धिजीवी सम्मेलन हुन्छ भनेपछि गए विष्णुबहादुर पनि।

कार्यक्रममा विष्णुबहादुरलाई केही बोल्न मन लाग्यो। तर नामी पञ्च नेता विश्वबन्धु थापाले नबोल्न भने। यस्तालाई कसले निम्तो दियो भनेर हकारे पनि। तर विष्णुबहादुर पनि के कम र ? मलाई १० मिनेटभित्र बोल्न दिने भए दिनु, हैन भने आफैँ बोल्छु भनेर अड्डी कसे। विश्वबन्धुको केही लागेन। उनलाई बोल्न दिनै कर लाग्यो। जब विष्णुबहादुरले बोल्न पाए, भने कि राजनीतिक बन्दीलाई छाडिनुपर्छ।

विष्णुबहादुरको भनाइ आएपछि ठूलै हल्लीखल्ली भयो। एक त पञ्चायतले आयोजना गरेको कार्यक्रम, अर्कोतर्फ त्यतिबेलाका खाइहाल्दा पञ्च विश्ववन्धुका अगाडि यस्तो माग। वास्तवमै हङ्गामा मच्चाउन लायक थियो। त्यहाँ उपस्थित दुईजना कङ्ग्रेसलाई प्रस्तावक र समर्थक बस्न मनाए विष्णुबहादुरले र आफ्नो भनाइमाथि मतदान गर्ने वातावरण बनाए। आफूले नपत्याउँदा नपत्याउँदै पनि मतदानै हुने अवस्था सिर्जना भएपछि विश्वबन्धुले आफ्नो भनाइ फिर्ता लिन विष्णुलाई व्यापक दबाब दिए। तर उनले मान्दै मानेनन्। पछि कङ्ग्रेसका समर्थकलाई फिर्ता लिन राजी तुल्याए। त्यसपछि उक्त विषय बिनामतदान ढिसमिस पारियो।

२०११ सालमा रौतहटमा ठूलो बाढी आएको थियो। धेरैको नोक्सानी गरेको थियो यो बाढीले। त्यही कारण भारतले ९ सय टन चामल दिने घोषणा गरेको थियो। तर एक वर्ष बित्न लाग्दा पनि आएन। चामल बेपत्ता। बुझ्दै जाँदा थाहा भयो कि यो चामल त काठमाडौँ पो लैजान लागिएको रहेछ। त्यसपछि विष्णुबहादुरले जुलुस निकाले आफ्नै नेतृत्वमा। त्यही दिन गोर्खा परिषद् (जसलाई खुकुरी दल पनि भन्थे) ले आफ्नो राष्ट्रिय सम्मेलनको अन्तिम दिन समापन जुलुस निकालेको थियो। त्यतिबेला मुलुकका विभिन्न भागबाट २ हजार जति प्रतिनिधि आएका थिए। जम्काभेट भएपछि विष्णुबहादुरको जुलुसले गोर्खा परिषद्को जुलुसलाई बाटो छाडिदियो तर उक्त जुलुसका मानिस मिलेर विष्णुबहादुरलाई नराम्ररी कुटपिट गरे। धन्न विष्णुबहादुरको जुलुसमा केही बिनौटिया (लठ्ठी चलाउन सिपालु) पनि भएकाले उनीहरूले लठ्ठीको कलाद्वारा आक्रमणकर्तालाई भगाए र विष्णुबहादुरलाई जोगाए।

उक्त जुलुसको नेतृत्व भरतशमशेरले गरेका थिए र विष्णुलाई घेरेर कुट्नुको कारण उनले किसानका पक्षमा लागेर जमिनदारविरुद्ध गरेका आन्दोलन नै थियो। त्यसपछि विष्णुले भरतलाई चुनौती नै दिए कि सक्छौ भने फर्कँदा खुलेआम यही बाटो भएर फर्क। तर भरतशमशेरले त्यो चुनौती झेल्न सकेनन्। उनी रातारात सुटुक्क काठमाडौँ प्रस्थान गरे। यसबाट पनि थाहा हुन्छ कि विष्णुबहादुर १२ सालतिर रौतहटका किसान तथा गरिब वर्गसामु कति प्रिय थिए भन्ने।

तैपनि चामल आएन। त्यसपछि विष्णुबहादुर यसका लागि अनशन बस्न तयार भए। यो खबर सुनेपछि प्रशासनका मानिसले



विष्णुबहादुरलाई 'चामल आउँछ, अनशन नबस' भने। आश्वासन पाएर पनि पटक पटक धोका पाइसकेका विष्णु के पत्याउँथे र ? उनले पनि खबर ल्याउनेलाई नै खबर पठाइदिए कि लिखित प्रतिबद्धता जनाएमात्र अनशन बस्दिन। नभन्दै लिखित पत्र दियो प्रशासनले। केही समयपछि चामल पनि आयो। बाढीपीडितलाई काम लगाएर चामल दिइयो। जसमा विष्णुबहादुरले पनि पूर्णरूपमा सघाए।

विष्णुबहादुर समाजमा व्याप्त शोषण र भेदभावविरुद्ध कति आक्रोशित थिए भन्ने थाहा पाउन एउटै घटना काफी छ- ७ सालको क्रान्तिपछि गाउँ गाउँमा सभा हुने क्रम बढेको थियो। २००८ सालको कुरा हो। विष्णुबहादुरहरूले रौतहटकै सबैभन्दा ठूला जमिनदार तेजप्रताप सिंह (उनका ७५ मौजा थिए) को घरनजिकै सभा राखे। तेजप्रतापले सोचेका थिए, यो जिल्लाकै सबैभन्दा ठूलो जमिनदार भएकाले सभाको अध्यक्ष मलाई बनाउने छन्। उनको यो सोच त्यतिबेला हावा खायो जतिबेला विष्णुबहादुरले गाउँकै एक महतो थरका मुख्तर (वकिल) लाई सभाध्यक्ष बनाए। जुन सिंहका अगाडि निकै तल्लो वर्गका थिए। त्यही कारण तेजप्रताप झोक देखाउँदै त्यहाँबाट बाहिरिए। यसपछि धेरै मानिस अब तेजप्रतापले के गर्ने हुन् भनेर डराए। तर विष्णुबहादुरले सभा राम्रोसँग समापन गराए। विष्णुबहादुर यस्ता घटनालाई पनि किसान आन्दोलनहरूले ल्याएका चेतना ठान्छन्।

## जमिनदारकै छोरा थिए विष्णुबहादुर

कुरा सय वर्षअघिको हो। विष्णुबहादुरका बाबु दुई छाक खान पनि नपुग्नेखालका थिए। उसै त मानन्धर व्यापारी समुदाय, यस्तो समुदायको भइकन पनि साह्रै दयनीय अवस्थाले उनी चिन्तित थिए। यसै क्रममा कोही साहूको पछि लागेर गौर पुगेछन्। केही समय त्यहीँ बिताएपछि उनले नदी गर्ने घाटको ठेक्का लिएछन्। बिस्तारै अन्य कामको पनि ठेक्का लिन थाले। हुँदाहुँदा भन्सार उठाउनेसमेत ठेक्का लिन पुगे। उनको ठेक्का लिने क्रम यति बढ्यो कि हरेक ठाउँमा 'उपठेकेदार' नियुक्त गर्नुपर्ने भए। यसरी उनले नियुक्त गरेका धेरै उपठेकेदारले उठेको पैसा अन्य प्रयोजनमा खर्च गर्दै सक्दै गरेपछि विष्णुबहादुरका बाबुलाई कबोल गरेको रकमबापत आफूसँग भएको जग्गा दिँदै गएछन्।

अर्कोतर्फ कतिपयले त तोकिएको कुत तिर्न नसकेर बरु जग्गै दिन्छु भन्दै जग्गै दिएछन्। ५ रुपियाँमा १ मन धान आउने त्यो बेलामा ५ रुपियाँ कमाउनु पनि निकै कठिन कुरा थियो। त्यही भएर जग्गा थुपार्दा थुपार्दै विष्णुबहादुरको बाबुसँग ३-४ सय बिघाभन्दा बढी जग्गा भएछ। नेपालतर्फको ठेक्काले मात्र नपुगेर उनी भारतको सीतामढीमा समेत ठेकेदारी सुरु गर्न थालेछन्।

त्यतिबेला भारतमा ब्रिटिस सरकारको शासन थियो। नेपालीले समेत भारतमा आएर यस्तो ठेकेदारी गर्न थालेको थाहा पाएपछि ब्रिटिस सरकारका प्रतिनिधिले खबर पठाएछन्- भारतमा ठेकेदारी गर्ने हो भने अङ्ग्रेजी जान्नुपर्छ। त्यसपछि नै हो उनका बाबुले छोराहरूलाई पढ्न लगाएका। १० छोरामध्ये जेठो र माइलोले पढेका थिएनन्। जब ब्रिटिस सरकारको यो खबर आयो, त्यसपछि भने 'हो त नि' भनेर सबैलाई पढाए। उनको एउटा छोरो प्रा. नारायणबहादुर मानन्धर त गणितमा एमए गर्ने नेपालकै पहिलो व्यक्तिसमेत बन्न सके। जसले संस्कृतमा पनि एमए पास गरेका थिए। विष्णुबहादुर भने राष्ट्र मुक्तिको अभियानमा सामेल भएकाले बिएमै अड्किनुपर्‍यो।

आफ्नै बाबु ठूला जमिनदार तथा धनी भएका कारण विष्णुबहादुरलाई ऐस आरामको कुनै जरुरत थिएन। उनलाई न कारागार बस्नुपर्ने बाध्यता थियो न त क्रान्तिका नाममा विभिन्न हण्डर र ठक्कर बेहोर्नुपर्ने अवस्था नै। तर पनि विष्णुबहादुरलाई उनका बाबुको अकुत सम्पत्तिले सन्तुष्टि दिन सकेन। खासगरी गरिब र भूमिहीन किसानको मुक्तिको सवाल उनको प्राथमिकता बन्यो। धनी तथा जमिनदार भएर पनि आन्दोलनमा लाग्नुपर्नाको कारण के हो त ? उनको प्रष्टोक्ति छ- यो धनको कुरै हैन, वैचारिक कुरा हो। धनले मात्र मानिसलाई सन्तुष्टि दिन सक्छ र ?

८८ वर्ष पुगेका विष्णुबहादुर मानन्धर यतिबेला पनि करिब तन्दुरुस्त नै छन्। कान राम्रोसँग नसुन्नेबाहेक खासै समस्या छैन उनमा। यस अर्थमा उनले बाँचेको जिन्दगीलाई 'सक्रिय बुढ्यौली' भन्न मिल्छ। त्यसैले मुलुकमा भइरहेका हरेक राजनीतिक तथा अन्य घटनाबारे जानकार छन् उनी। छोरा सुनिल र बुहारी राधाले भइरहेका सबै घटना अद्यावधिक गराउँछन्। यस क्रममा मुलुकमा पछिल्लो पटक जारी भूमि अधिकार आन्दोलनबारे पनि धेरथोर जानकार नै छन्। उनको सुझाव छ- पहिलेको तुलनामा सुधार पक्कै भएको छ तर यो पर्याप्त छैन। यसका लागि निरन्तर सङ्घर्ष एकमात्र उपाय हो। थकाइ मार्‍यो भने त्यसले उपलब्धि हासिल हुने मिति टाढा पुर्‍याउँछन्। त्यसैले निरन्तर लाग्नुपर्छ अधिकार प्राप्तिको आन्दोलनमा। ✿

(रघुनाथ लामिछानेले विष्णुबहादुर मानन्धरसँग २०७५ फागुन १५ गते गरेका कुराकानीमा आधारित। जसमा उनका छोरा सुनिलले सहयोग गरेका थिए।)



रघुनाथ लामिछाने

# गरिबीको शल्यक्रिया बान्डुङमा



६३ वर्षअघि अर्थात सन् १९५५ को अप्रिल १८ देखि २४ सम्म इन्डोनेसियाको बान्डुङमा एसिया र अफ्रिकाका २९ देशको सहभागितामा एसिया-अफ्रिका सम्मेलन भएको थियो। बान्डुङ सम्मेलनका नामले परिचित यतिबेलाको १० बुँदे घोषणापत्र आज पनि विश्वमा शान्ति तथा स्थिरता कायम गर्ने दिशामा महत्वपूर्ण रहँदै आएको छ।

विश्वका जल्दाबल्दा सवाल शान्ति, आर्थिक विकास तथा अन्य समानखाले समस्याबारे छलफल भएको उक्त सम्मेलन व्यापकरूपमा झाङ्गिँदै गरेको पश्चिमी र पूर्वी विचारधारा तथा त्यसले प्रत्येक दिन निम्त्याइरहेको द्वन्द्व निवारणतर्फको प्रयास पनि थियो। चीनका प्रधान मन्त्री चाउएनलाइ, भारतका प्रधान मन्त्री जवाहरलाल नेहरू, भियतनामका राष्ट्रपति होचि मिह्नलगायत विश्वका चर्चित नेताहरूको सहभागिता रहेको उक्त सम्मेलनमा नेपालका राजा महेन्द्रको नेतृत्वमा एउटा टोली सहभागी थियो।

जबसम्म जनमुखी भू-शासन कार्यान्वयनमा आउँदैन तबसम्म भूमि अधिकारबाट वञ्चितहरूका दुःखका दिन सकिन्नन्।

सहर र देशमात्र हैन, उक्त सम्मेलन भएकै स्थानमा यही असोज ७ देखि ११ गतेसम्म बान्डुङ सम्मेलनकै झल्को दिनेगरी अन्तर्राष्ट्रिय भूमि सम्मेलनको उद्घाटन भयो। उक्त ऐतिहासिक सम्मेलनकै झल्को यस अर्थमा कि चर्चा, सहभागिता, सञ्चारमाध्यमको चासो तथा मुद्दाको तौलका हिसावले केही समानता प्रष्टै देखिएका थिए। खासगरी शक्तिको उन्मादमा दुई धारमा विभाजित हुँदै गएको विश्वलाई शान्तिको मार्गमा डोर्‍याउने पहिलो सम्मेलनको उद्देश्य थियो भने शक्तिकै बलमा खासगरी आदिबासी, गरिब र साना किसानलाई उनीहरू बसिरहेका, जीविका चलाइरहेका जमिनबाट उठिबास लगाउँदै शान्ति खल्बलल्याउने कार्यप्रति गम्भीर खबरदारी गर्नु पछिल्लो सम्मेलनको उद्देश्य थियो।

## गरिबीका सवाल

अहिले विश्वभर प्रतिदिन आर्थिक/सामाजिक असमानता बढ्दो छ। शक्ति र धन सीमित केही व्यक्तिको हातमा छ। र, पछिल्लो समय यही शक्ति र सम्पत्तिको आडमा खासगरी गरिब, आदिवासी र सीमान्त तहका जनतालाई उनीहरूको पुख्यौली भूमिबाट लखेट्ने क्रम बढ्दो छ। विभिन्न बहानामा किसान र अझ त्यसमा पनि साना किसान तथा महिलालाई कृषि क्षेत्रबाटै बिस्थापित हुनुपर्ने अवस्थामा पुर्‍याइएको छ। यो समस्या कुनै एकको मात्र नभई अधिकांश देशमा झाङ्गिरहेको छ। जसले एकातिर भुइँ तहका बासिन्दालाई सोझै असर पुर्‍याइरहेको छ भने अर्कोतिर यसले बिस्तार खाद्य सुरक्षामा पनि 'मन्द विष' को गन्ध फैलाइरहेको छ।

संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूले पनि सामाजिक तथा लैङ्गिक न्यायका लागि भूमि अधिकार प्राप्तिको अपरिहार्यता स्वीकार गरेका छन्। खासगरी ठूला उद्योग स्थापनाका नाममा बढ्दो जग्गा कब्जाका कारण जलवायु परिवर्तन चुलिँदै गएको छ भने यसबाट सिर्जित भूमिकै विषयलाई लिएर द्वन्द्व बढ्दो छ। खेतीयोग्य जग्गा अभावमा बिस्थापन क्रम वृद्धि हुँदै गएको छ भने बसोबास असन्तुलनका कारण शान्ति खलबलिन पुगेको छ। यस्तो अवस्थामा यो समस्यालाई संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रले आत्मसात गरे पनि जुन रफ्तारमा समाधान थालिनुपर्ने हो त्यसमा भने उनीहरू चुकेका छन्। परिणाम- समस्या ज्यामितीयरूपमा बढ्दो छ।

आफ्नै सहरमा भूमिका समस्याबारे छलफल गर्न जुटेका ८२ देशका जनतालाई 'गाला डिनर' मार्फत स्वागत गरे बान्डुङका मेयरले । नेपालमा भए यसैलाई मुद्दा बनाएर मेयरको उछितो काढ्नेहरूको जमातै निस्कन्थ्यो अरिङ्गालको गोलोझैँ ।

एकातिर अधिकांश देशमा अझै पनि पितृसत्तात्मक कानुन अस्तित्वमा छन भने अर्कोतर्फ महिला तथा सीमान्तकृत अनि किसान समूहलाई विभेद गर्नेखालका असमान कानुन पनि जिउँदै छन् । यस्तो अवस्था भूमिमा महिला, साना किसान र आदिवासीको हक दिलाउन बाधक बन्दै आएको छ । जसले खासगरी महिलालाई भूमिमाथि स्वामित्व प्राप्त गर्नबाट पछि धकेलिरहेको छ । लैङ्गिक न्याय प्राप्तिमा देखिएको यो अवरोध हटाउन गतिलै इच्छाशक्ति चाहिन्छ र त्यस्तो इच्छाशक्तिका लागि पर्याप्त दबाबमूलक आन्दोलन/कार्यक्रम आवश्यक छ ।

यो किन पनि जरुरी छ भने दिगो विकास लक्ष्य प्राप्तिका लागि पनि असमानता र सामाजिक न्याय अपरिहार्य छ । जुन जमिनमा अधिकारबिना सम्भवै छैन । अनि अधिकार पनि पुरुषले वा कुनै हालिमुहालीवाला समुदायले मात्र पाएर पनि हुन्न । यस्तो अवस्थामा भूमिमाथि सबैको अधिकार दिलाउन भूमि पुनर्वितरण आवश्यक भएका ठाउँमा त्यसका लागि पनि दबाब सिर्जना गर्न ढिलाइ भइसकेको छ ।

विश्वभर भूमि अधिकार प्राप्तिको मुद्दा जटिल अवस्थाबाट गुज्रिरहेको छ । जनसङ्ख्याको बढ्दो चाप, सम्पत्तिमाथि सीमित व्यक्तिको केन्द्रीकरण, चरम औद्योगिक विकासका कारण चुलिँदो महत्वाकाङ्क्षा जस्ता कारण भूमि कब्जा गर्ने क्रम बढ्दो छ । यस्तो कार्यमा सरकारहरूको पनि प्रत्यक्ष र अप्रत्यक्ष संलग्नता देखिँदै आएको छ । त्यसैले विश्वव्यापीरूपमा यस्ता कार्यविरुद्ध खबरदारी गर्ने क्रम पछिल्लो समय वृद्धि हुँदो छ । तर भूमि र वातावरण रक्षकको भूमिका निर्वाह गरिरहेका व्यक्तिको सुरक्षाको सवाल पनि उत्तिकै जोडदार सवाल बनेको छ । भूमि कब्जा र कृषियोग्य भूमिमा आधारित लगानी रोक्नुपर्छ भन्नेहरूलाई धम्क्याइने, प्रलोभनमा पार्ने र अप्ठेरो परिस्थिति सिर्जना गर्ने कार्यविरुद्ध पनि सबैको ध्यान पुग्नुपर्ने अवस्था छ।

कृषि सुधारले राष्ट्रिय एजेन्डाको स्थान पाएन भने किसानको जीवनस्तर सुध्रन सक्दैन । त्यतिबेला भूमि प्राप्तिले मात्र सर्वसाधारण र पछाडि पारिएकाको जीविका समुन्नत बन्दैन । 'पारिवारिक खेती युनएन दशक' को सन्देश पारिवारिक खेतीको पक्षमा देखिएको छ । त्यसैले आफू र आफ्नो परिवारलाई खुवाइवरी बचेको अन्न अरूलाई समेत खुवाउन सक्षम पारिवारिक खेती प्रणालीलाई बढावा दिन सकेमात्र अस्वाभाविकरूपमा आकार बढाउँदै गएको खाद्य असुरक्षा आफैँ असुरक्षामा फस्ने सम्भावना रहन्छ ।

यी केही यस्ता मुख्य सन्दर्भ हुन जसलाई बान्डुङमा आयोजित अन्तर्राष्ट्रिय भूमि सम्मेलनका सहभागीले गरिबीको बढ्दो कारण औँल्याए । नेपाल जस्तै अधिकांश अविकसित मुलुकमा भूमि नै सम्पत्ति र जीविकाको एकमात्र स्रोत रहेको सन्दर्भमा भूमि अधिकारबाटै वञ्चित हुनुपर्दा प्रतिदिन गरिबी बढिरहेको निष्कर्ष समान बन्यो सबैबीच । र, यो क्रम रोकिएन भने गरिब र धनीबीचको खाडल झन फराकिलो बन्नेमात्र हैन, गरिबहरू अझै चरम गरिबीबाट गुज्रन बाध्य हुनुपर्ने डरलाग्दो प्रक्षेपण पनि सम्मेलनले गर्‍यो । समस्यामात्र देखाएन सम्मेलनले । यो समस्याबाट मुक्ति पाउन 'जनमुखी भू-शासन' मुख्य रणनीति हुन सक्ने निर्क्योल पनि गर्‍यो र यसका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय नागरिक समाजका संस्था तथा सरकारहरू सञ्जाल बनाएर अघि बढ्नुपर्ने पनि सुझायो

## दिवस मनाउने तरिका

असंलग्न राष्ट्रहरूको पहिलो सम्मेलन भएको ऐतिहासिक एसिया-अफ्रिका कन्फ्रेन्स हलमा 'भूमि अधिकार, शान्ति र न्यायका लागि एकजुट होऔँ' भन्ने नाराका साथ अन्तर्राष्ट्रिय भूमि सम्मेलनको उद्घाटन सत्र चलिरहेको थियो । जसमा एसिया, अफ्रिका, युरोप, मध्यपूर्व, उत्तर अमेरिका, ल्याटिन अमेरिका र क्यारेबियन क्षेत्रका २५० नागरिक सङ्घसंस्था, ७७ बहुपक्षीय संस्था तथा केही देशका सरकारी अधिकारीसमेत सहभागी थिए ।

उता बाहिरपट्टि भने कार्यक्रमस्थलको दुवैतिर सडकमा 'स्टप ल्यान्ड ग्राबिङ' लेखिएको ब्यानर बोकेका स्थानीय किसान नारा लगाइरहेका थिए । उनीहरूले कार्यक्रम अवधिभर भूमि कब्जा रोक्नका लागि नारा लगाइरहे । शालीनतवरमा प्रदर्शन गरिरहे । चर्को घामका बाबजुद पिच सडकमै नाचे, गाए, चिच्याए । खासगरी जग्गा कब्जामा देखिएको विश्व ब्याङ्कको संलग्नताप्रति उनीहरू आक्रोशित थिए । होटलमा गोष्ठी र भाषण गर्ने भन्दा ८२ देशबाट आएका भूमि अभियन्तालाई आफ्नो पीडा सुनाएर किसान दिवस मनाउने इन्डोनेसियाली किसानको तरिका सन्देशमूलक थियो

## सरकारी हातेमालो

समुद्र र टापु नै टापु भएको इन्डोनेसियामा भूमिको समस्या विकराल छ । सँगै बढ्दो जग्गा कब्जाले पनि किसान र आदिबासीलाई बिस्थापित गराउने क्रम जारी छ । खासगरी तटीय क्षेत्रमा बसोबास गर्ने माझी र पानीजन्य स्रोतमा आधारित भई जीविका चलाउनेहरू यही कारण सङ्कटमा पर्दै गएका छन् । यस्तो अवस्थामा भएको भूमिसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनका क्रममा राष्ट्रपति कार्यालयका प्रमुख करिब साँढे ३ घण्टा दूरीको जाकर्ताबाट आएमात्र हैन, सक्रिय सहभागिता पनि जनाए । त्यसो त राष्ट्रपति उद्घाटन कार्यक्रममा आउन नभ्याउने भएकाले केही दिनअघि उनले जाकर्तामै केही भूमि अभियन्ताबीच यो कार्यक्रमको साङ्केतिक उद्घाटन गरेर आफू भूमि अधिकारबाट वञ्चितहरूको पक्षमा भएको सन्देश दिएका थिए ।

इन्डोनेसियाको सरकारले कृषि सुधार र सामाजिक वनबारे महत्वाकाङ्क्षी घोषणा गरेको छ । त्यसैगरी पाम आइल बिस्तार रोक्ने र आदिबासीको अधिकार सुनिश्चित गर्नेबारे पनि राष्ट्रपतिले कदम चालिसकेका छन । यी र यस्ता सरकारी कार्यले त्यहाँका भूमि अधिकारबाट वञ्चित जनताको मन जितेको देखिन्छ । ✿

असोज २५, नागरिक (१० अक्टुबर)



विनोद गौतम

# तीन पुस्ता लडेपछिको जीत



प्रत्येक वर्ष हामीले छाप्ने कार्यालयको वार्षिक प्रतिवेदनका लागि केही सूचना सङ्कलन गर्न हामी तराईका केही जिल्लाको भ्रमणमा निस्केका थियौँ। भ्रमणको पाँचौँ दिन हामी मोही किसान र उनीहरूको वर्तमान अवस्था बुझ्न सर्लाही जिल्लामा जाने योजनाअनुसार त्यहाँ पुगेका थियौँ। सर्लाहीको पूर्व-पश्चिम राजमार्गस्थित नवलपुरबाट हामी अघि बढेपछि मित्र मदन बिकले मोबाइल नं. पठाए। प्राप्त नम्बरमा तत्काल फोन गरेँ। भनेँ- 'तपाईँलाई मदनजीले फोन गर्नु भन्नुभएकाले गरेको।' 'ए सर मलाई नवलपुर आउनु भन्नुभएको थियो। म हिँडिहालेँ।' उनी हडबडाए जसरी बोले मधेसी लवजमा। 'तपाईँ आउनुपर्दैन। हामी त्यतै आउँछौँ। तपाईँले भर्खरै पुर्जा पाउनुभएको जग्गामा बसेरै कुरा गर्ने मन छ।' भने- 'सर सिधै पिचैपिच आउनुहोला, म बाटोमा कुरिबसेको हुन्छु। 'बाटो भुल्यौँ भने फोन गर्छु है' मैले मोबाइलको रातो बटन थिचेँ। हामी नवलपुरबाट दक्षिण मोडिएर करिब ३५ मिनेट गुडेपछि काँधमा गम्छा भिरेको मान्छेले बाटोमा हात उठायो। हात उठाउने गम्छावाल तिनै फोनमा कुरा गर्ने सुरुजकुमार दनुवार रहेछन्।

जीवनका हरेक दौडमा पछाडि पारिएकाले होला, यिनले हामी चढेको गाडीको ढोका पनि पछिल्लै ढक्ढक्याए। मैले तपाईँका लागि अगाडिको सिट खाली गरेका छौँ भनेपछि अप्ठेरो मान्दै बल्ल अगाडि बस्न तयार भए। साँघुरो कच्ची बाटोमा करिब २० मिनेट दौडेपछि एउटा हरियो फाँट ठोक्किन आइपुग्यो आँखामा। उनले हामीलाई ओर्लन सङ्केत गरे। खेतको डिलैडिल उनलाई पछ्याउँदै अघि बढ्यौँ हामी पनि। 'यही हो सर मेरो जग्गा', उनले आधा भागमा गहुँ र आधामा मुसुरो रोपेको जग्गा देखाए। हामी आडैमा बसेर गफिन थाल्यौँ। 'तपाईँले यो जग्गा कसरी प्राप्त गर्नुभयो त ?' गफकै सिलसिलामा उनलाई सोधियो। उनले एउटा लामो कहानी तर सङ्क्षेपमा बताए।

उनका हजुरबा यही जग्गा जोतेरै मरे। उनका बुबाले जीवनको उत्तरार्धमा मोहीबापतको जग्गा आफूले पाउनुपर्ने आवाज उठाए। त्यही आवाज दबाउन उनलाई श्रेष्ठ थरका साहूले काठमाडौँ लाने आश्वासन दिए। जीवनमा कुनै पुस्ताले काठमाडौँ नदेखेका उनका बुबाले 'मेरो छोरो काठमाडौँमा छ भन्दा आफ्नो हैसियत नै फरक हुन्छ' भन्ने ठानेर काठमाडौँ पठाए। 'तपाईँलाई काठमाडौँमा साहूले पढ्न लगेका हुन् ?' मैले बीचैमा राखे जिज्ञासा। 'कहाँ पढाउनु नि सर, मैले साहूको घरमा हरेक काम गर्नुपर्‍यो। आफ्नो घरमा मैले कहिल्यै लुगा धोइन तर साहूले सबै लुगा मलाई नै धुन लगाउँथ्यो। सफा गर्नेदेखि घरको सबै काम मेरै हुन्थ्यो। गरिब थिएँ सर', आँखाभरि आँसु भरेर उनले थपे- 'तर अलि अलि बोल्नचाहिँ काठमाडौँमा बसेर सिकेँ। ठूलो ठाउँ भनेको ठूलै रहेछ।'

एकाएक उनको चेहरा बदलियो। पछि बुबा निकै बिरामी भएको खबर लिएर कोही काठमाडौँ पुग्यो। त्यही मानिससँग उनी आफ्नो घर फर्किए। घर आएपछि थाहा भयो। उनका बुबाले संसार छाडिसकेका रहेछन्। 'जिन्दगीभर हलो जोतेरै मेरो बुबाको प्राण गयो। त्यो घटनाले मलाई झन् विद्रोही बनायो। त्यसपछि म काठमाडौँ नजाने र आफ्नो जग्गा प्राप्त गर्न सङ्घर्ष गर्ने निर्णयमा पुगेँ।' २०६७ को विद्रोहको ताजा सम्झना उनको आँखामा स्पष्टै देखिन्थ्यो। त्यसपछि सुरुजले आफ्नो जमिनको हक खोज्न थाले। हजुरबा र बुबाले गरेको सङ्घर्ष अनि उनलाई काठमाडौँमा साहूले गरेको व्यवहारले उनको विद्रोहमा थप साथ दियो। 'हरेक दिन खाना खाएर म मालपोत जान्थेँ। तर हरेक दिन रित्तो हात फर्कन्थेँ। कहिले कर्मचारीले के

भन्थे, कहिले के ? कति कुरा त बुझ्दा पनि बुझ्दैनथेँ । हरेक दिनजसो धम्की आउँथ्यो । श्रीमती डरले कतै नजानू, जग्गा जोतेरै भए पनि भात खान त पाएकै छ नि भन्थिन् । मेरो मनले भने मान्थेन । यसैगरी बित्यो १० वर्ष ।'

२०६७ सालको एक दिन । भूमि अधिकार मञ्च गठन गर्न भन्दै मदन बिकको नेतृत्वमा जिल्लाका साथीहरू उनको घरमा आए । उनीहरूले भने- 'यो आन्दोलनमा हामी पनि साथै छौँ । आउ मिलाउँ हातहरू ।' जब उनी भूमि अधिकार मञ्चमा सङ्गठित भए त्यसपछि बल्ल उनले कर्मचारीले बोलेको बुझ्न थाले । 'निस्सा भनेको के हो ? मोही हक कसरी लिन सकिन्छ ? मञ्चमा बसेपछि त मैले नजानेको कुरा सोध्ने मान्छे पनि भेटेँ । हरेक धर्ना, आन्दोलन र अभियानमा म सहभागी भएँ', उनले थपे- कर्मचारीले एक दिन जग्गा साहूको नाम भन्न भने । जसलाई कुत बुझाउँथे उसैको नाम लिएँ । पछि ढड्डा हेर्दा थाहा भयो कि साहू त ऊ होइन रहेछ । वास्तविक साहू थाहै नभई कसैले म नै साहू हुँ भन्दै मैले कमाएको दुई बिघा जमिनको कुत भराउँदो रहेछ ।' त्यतिमात्र हो र ? साहूको घर भनेर काठमाडौँमा बसेको पनि भ्रम रहेछ । सुरुज थप विद्रोही भए, जब यो वास्तविकता थाहा पाए ।

उनको सवाल सबै मोही किसान तथा भूमिहीनको सवाल बन्यो । सबैले आवाज उठाए कि यतिसम्म अन्याय गर्न पाइन्छ ? अब जग्गा धनी थाहा नभए पनि सूचना टाँसेर उनको मोही लागेको आधा जग्गाको पुर्जा उनलाई दिनुपर्छ । आफूसँग भएका हरेक प्रमाण उनले मालपोतमा बुझाए । बाँकी लेखापढीको काममा मञ्चका साथीहरूले सहयोग गरे । प्रदेश नं. २ का भूमि अधिकार मञ्चका सचिव मदन बिकका अनुसार सुरुजको अडान र स्पष्ट कुरा राख्न सक्ने क्षमताले नै उनले आफ्नो हकबापतको आधा जमिन प्राप्त गर्न सफल भएका हुन् ।

२०७५ माघ १० को अपराह्न उनको हातमा एउटा रातो कागज पऱ्यो । जुन कागज उनले जीवनमा पहिलोपटक देखेका थिए । 'पुर्जा पाएपछि म सिधै घरतिर दौडिएँ । कुनै केटाकेटीले चकलेट भेटेर अरू बालबच्चालाई देखाए जसरी श्रीमतीलाई रातो पुर्जा देखाएँ । उनले पत्याइनन् । पछि हाम्रो आफ्नै जग्गाको हो भनेपछि मेरा गाला मुसार्दै भनिन्, तिमी यति शक्तिशाली छौ भन्ने कुरा मैले कहिल्यै बुझेकी थिइनँ । त्यो दिन हामीले ब्रोइलर ल्याएर खाएका थियौँ', हँसिलो चेहरासहित बोले सुरुज ।

उनकी छोरी २३ वर्षकी भएकी छिन् । उनको समुदायमा यो विवाह गर्ने अधिकतम उमेर हो । 'मैले १२ सम्म पढाएँ । अहिले आफन्तबाट बिहेको कुरा आएको आयै छ । एकजना सुब्बा (राजपत्र अनङ्कित प्रथम) ले पनि कुरा गरेका छन् । उसैसँग विवाह हुन्छ होला । मैले हठात् उनलाई सोधेँ- 'पहिले पनि सुब्बा माग्न आउँथे ? 'हामी अर्काको जग्गा जोत्नेको घरमा कहाँ सुब्बा माग्न आउने कुरा हुन्थ्यो सर ? अहिले त एक बिघा जमिनको मालिक भएको छ भनेर सबैले मेरै छोरीको कुरा गर्छन्'- छेउको दुबो चुँड्दै उनले खुसी बाँडे ।

अघिल्लो सिटबाट झर्नुअघि उनले भनेका थिए- 'सर चिया खाएर जानु न । एउटा वाचा छ मेरो यिनीसँग, 'अर्कोपटक म तपाईँले आफ्नै जग्गामा लगाउनुभएको धानबाट तयार पारिएको चामलको भात खानेगरी आउँछु । काँधको गम्छाले खुसीको आँसु पुछ्दै यिनले जवाफ फर्काएका थिए- 'धर्ती बाँझो राख्दिन सर, पाप लाग्छ । यसकै लागि जिन्दगीभर बा लडे र केही नपाइ मरे । यो रातो कागजमा मेरा तीन पुस्ताको रगत लतपतिएको छ ।' अनि एउटा हात शिरमाथि लगेर बिदाइको हात हल्लाउँदै सुरुजले आग्रह गरे- मिलाएर लेखिदिनु है सर, बोल्न त्यति जान्दिन । ✿

**आफूसँग भएका हरेक प्रमाण उनले मालपोतमा बुझाए । बाँकी लेखापढीको काममा मञ्चका साथीहरूले सहयोग गरे । प्रदेश नं. २ का भूमि अधिकार मञ्चका सचिव मदन बिकका अनुसार सुरूजको अडान र स्पष्ट कुरा राख्न सक्ने क्षमताले नै उनले आफ्नो हकबापतको आधा जमिन प्राप्त गर्न सफल भएका हुन् ।**





तीर्थबहादुर श्रेष्ठ

# म र मेरो नेपाल



मेरो सम्पूर्ण जीवनकाल १९९४ देखि २०७५ सालसम्म सङ्क्रमण राजनीतिको छत्रछायाँमै बितेकोजस्तो अनुभव भइरहेको छ। शैशव कालका बेला १९९७ सालको शहीद काण्ड सम्झनामा छैन। २००७ साल पनि 'जिन्दावाद' र 'मूर्दावाद' भनेर उफ्रनेबाहेक अरू केही भएन। त्यसपछि २०१७ सालसम्म पढाइतिर लागेँ। २०१७ सालमा बिपी कोइरालाको सरकारले जागिरे बनाइदियो। २०४७ सालमा गिरिजाप्रसादले ढाक्रे बनाइदिए। ३० वर्षको जागिरे अवधिमा नेपाल घुमेर हेरेँ। नेपाली दिदीबहिनी, दाजुभाइलाई भेटेरै ढोगभेट गरियो। आजका दिनमा फर्केर हेर्दा त्यो नेपाल कहाँ पुग्यो र ती नेपाली कहाँ छन् भन्ने प्रश्नहरू मगजमा खेलिबस्छन्।

मेरो शैशवकालमा जति जनसङ्ख्या नेपालभित्र थियो, अहिले उत्तिकै नेपाली नेपालबाहिर छन्। किन ? काम र मामको खोजीमा अरूको सेवा गर्न, नोकरी गर्न, चाकरी गर्न, गुलामी गर्न। उत्तम खेती, मध्यम व्यापार र निर्धन चाकरी भन्थे हाम्रा पूर्वज। त्यसको अर्थ जति सेवा क्षेत्रबाट कमाइ हुन्छ, त्योभन्दा बढी वाणिज्य र उद्योगबाट हुनुपर्छ। त्यसभन्दा अझ बढी आम्दानी कृषि र वन क्षेत्रबाट हुनुपर्छ। अर्थव्यवस्थाको यो तीनतले मन्दिर (आर्थिक पिरामिड) स्थायी र दिगो विकासको मूल स्तम्भ बन्न सक्छ। हामीले हाम्रै भूमि व्यवस्था र आफ्नै माटोको उब्जनीबाट समृद्धि भित्र्याउन सक्नुपर्छ। हाम्रा स्रष्टा एवं द्रष्टाले राष्ट्रिय विकासका लागि कृषि क्षेत्रलाई अगाडि सार्दा तराई-मधेसमा अन्नबाली, पहाडमा फलफूल र तरकारी एवं हिमालमा पशुपालनको विकासलाई निर्देशित सिद्धान्तका रूपमा अवलम्बन गर्न सिफारिस गरेका हुन्। यिनै तराई, पहाड र हिमाललाई अझ नियालेर हेर्न-बुझ्न सकेनौँ र तिनका प्रकृति, परिवेश र प्रवृत्तिसम्मत विकास निर्माण गर्न सकेनौँ भने हाम्रो राष्ट्रको भौतिक स्थिरतामा सङ्कट आउन थाल्छ।

हिमाली क्षेत्र नेपालको २३ प्रतिशत भूभाग ५ हजार मिटरभन्दा उच्च भागमा छ। त्यहा सामान्यतया बाह्रै महिना हिउँ जम्छ। हिउकै घर भएकाले यसलाई 'हिमालय' (हिम+आलय) भनिएको हो। यही घरमा रहस्यमय प्राणी यती बस्छ भन्ने धेरैको विश्वास छ। कतिपय वैज्ञानिक यतीको अस्तित्व स्वीकार्दैनन्। यतीको अस्तित्व स्वीकारे पनि नस्वीकारे पनि यती जस्तो हिममानवको बासस्थान पृथ्वीमा कतै छ भने त्यो हिमालय नै हुनुपर्छ। यती कौतुहल बचाइराख्नु उचित हुन्छ। सर्वोच्च शिखर सगरमाथालगायत कञ्चनजङ्गा, ल्होत्से, मकालु, चोयु, धौलागिरी, अन्नपूर्णा, मनास्लु, लाङटाङ आदि हिमशिखर विश्व पर्वतारोहण परिदृश्यमा विशिष्ट नाम हुन्। पर्वतारोहण र पर्यटनको प्रत्यक्ष सम्बन्ध पर्यावरणसँग गाँसिएको हुन्छ। स्थानीय प्रदूषणका विषयमा नेपालले सकारात्मक कदम चाल्दै आएको छ। विश्वको बढ्दो तापमानको प्रभाव भने हामीले आकलन गर्न सकेका छैनौं।

विभिन्न अध्ययनले देखाउँछन् कि विश्व तापमान वृद्धिको परिदृश्यमा नेपालको तराई र पहाडमा भन्दा हिमाली क्षेत्रमा तापमान धेरै बढ्दो छ। सन् २००७ मा प्रकाशित अन्तर्राष्ट्रिय तथ्याङ्कले सन् २०३५ सम्ममा हिमालय सबै पग्लिसक्छ भन्ने होहल्ला मच्चाएको थियो। यस्ता मिथ्याङ्कले हामी पीडित छौँ। तथ्याङ्क र मिथ्याङ्कको फन्दामा नपर्दा पनि हिमालको हिउँ घटेको अनुभव र अवलोकन बारम्बार सुन्ने गरका छौँ। हिमालयमा जमेको हिउँमा कार्बनका कण भेट्टाइएका छन्। हिमालको थाप्लोमा मडारिने कालो बादल हाम्रा नयाँ पाहुना हुन्। हाम्रा छिमेकी भारत र चीनको औद्योगिक विकासको प्रदूषण 'एसियन कालो बादल' (एसियाटिक ब्राउन क्लाउड) नामले प्रसिद्ध छ। हाम्रा हिमाल, हिमनदी तथा हिमताल अस्थिर र जोखिमपूर्ण अवस्थामा पुग्न थालेका छन्। जोखिम कम गर्ने क्षेत्रीय एवं अन्तर्राष्ट्रिय कदम चाल्न ढिलो गर्नुहुँदैन।

विश्व जलवायु परिवर्तन विशेष गरेर विश्व उष्णीकरणको पहिलो सिकारका रूपमा हिमालय खडा छ। लेकाली क्षेत्र सामान्यतया ३ हजार मिटरभन्दा उच्च भू-भाग लेकाली क्षेत्र मान्यौँ भने त्यहाँ खेतीपाती हुँदैन। अपवादका रूपमा हिमालपारिका भोट क्षेत्रमा



भने ४ हजार मिटरसम्म पनि अन्नबाली लाग्छ। त्यहाँ घाम लाग्छ। बादलले छेक्दैन। हिमालय पर्वत श्रेणीको दक्षिणी भेगमा ४ हजार मिटरको उचाइमाथि रूख उम्रिँदैन। सबैभन्दा उच्च क्षेत्रमा हुर्कने मुख्य रूख भोजपत्र हो। विभिन्न चिमाल र गुराँस तथा केही ठिङ्ग्रेसल्ला पनि हुन्छन्। वृक्ष रेखाभन्दा उपल्लो लेकपाटनमा घाँसेमैदान अधिक हुन्छ। हजारभन्दा बढी प्रजातिका भुइँफूल प्रशस्तै फुल्छन्। जडीबुटी पनि प्रशस्त फस्टाउँछन्। लेकाली क्षेत्र पशुपालन र जडीबुटीका लागि उपयुक्त छ। हाम्रो लेकाली क्षेत्र मेचीदेखि महाकालीसम्म सामान्यतया एकैनासको वन-वनस्पति पाइने क्षेत्र हो। पहाडी क्षेत्रमा जस्तो पूर्व-पश्चिम भिन्नता लेकाली भागमा पाइँदैन। लेकाली भू-भागको उत्पादन र उत्पादकत्वलाई तीनतिरबाट नकारात्मक प्रभाव पर्दैछ। पशुपालनमा विशेष दख्खल सङ्गालेका गोठालाहरू विदेश पलायन हुनाले लेकाली खर्क र पाटन रित्तिन थालेका छन्।

जलवायु परिवर्तनको प्रभाव थपिनाले चरिचरन क्षेत्र काँडेदार झारको अतिक्रमणमा पर्न थालेका छन्। प्राकृतिक वृक्षरेखामा फेरबदल भएर जैविक विविधतामा प्रभाव देखिन थालेको छ। यार्चागुम्बुलगायतका बहुमूल्य जडीबुटीको उत्पादनमा विशेष व्यवस्थापनको खाँचो देखिन थालेको छ। लेकाली उत्पादनको विकासमा राष्ट्रिय प्रयास न्यून छ। बेलैमा सचेत हुन आवश्यक छ। पहाड-पर्वत नेपालको परिचय विशेषमा पहाड-पर्वतका कुरा अधिक झल्कन्छ। हुन पनि औलो निर्मूल हुनुभन्दा पहिलेको नेपाल मानव बस्ती पहाडैतिर केन्द्रित थियो। पहाडिया मूलका शासक र प्रशासकका कारण पनि नेपालको परिचय पहाड-पर्वतसँग अधिक जोडिन पुग्यो। त्यसमा हिमालयको प्रभाव थपिन पुग्दा नेपालको पहिचान हिमाल, पहाड-पर्वत अर्थात् अङ्ग्रेजी शब्दले 'माउन्टेन' भन्ने परिवेश बुझिन थाल्यो। यस पृथ्वीको लगभग २४ प्रतिशत भूभाग पहाड-पर्वतले ओगटेको छ। तर माउन्टेनको परिभाषा चित्तबुझ्दोरूपमा स्थापित भएको छैन।

पहाड-पर्वत अझै कौतुहलको विषय छ। पहाड बुझ्न त्यसलाई चढेरै हेर्नुपर्ने हुन्छ। आफैँले नबेहोरिकन पहाड-पर्वत बुझ्न सकिँदैन। तसर्थ हाम्रा छिमेकी राष्ट्रहरूलाई पनि नेपाल बुझ्न गाह्रो छ। नेपाल हिमाल, पहाड र तराईको संयुक्त रूप हो तर यिनको परिभाषा र नामकरण गर्ने विद्वान्‌बीच एकमत छैन। सबैभन्दा सरल परिभाषा हर्क गुरुङले जुराइदिएका छन्। उनका अनुसार बाह्रैकाल हिउँ जम्ने क्षेत्र 'हिमाल' (५ हजार मिटरभन्दा उच्च क्षेत्र), जाडोमा हिउँ पर्ने र अरू बेला खुल्ने क्षेत्र 'लेक' (३ हजार-५ हजार मिटर) र हिउ नपर्ने खण्ड 'पहाड' (३ हजार मिटरभन्दा होचो भाग) हुन्। हिमाली क्षेत्रले नेपालको २३ प्रतिशत भू-भाग ओगटेको छ। लेकाली क्षेत्रले २० प्रतिशत जमिन ओगट्छ। त्यहाँ लगभग ७ प्रतिशत जनसङ्ख्या छ। पहाडी क्षेत्रले ३० प्रतिशत भूभाग ओगट्छ। त्यहाँको जनसङ्ख्या सम्पूर्ण नेपालको ३८.१७ प्रतिशत छ। जनसङ्ख्या र जमिनका दृष्टिले पहाडी क्षेत्र संवेदनशील र चलायमान छ। २०१८ सालदेखि २०३७ सालमा मैले घुमेका पहाडमा कहीँ सडक थिएन। राष्ट्रियकरणको प्रभाव र काठ-दाउराको अभावले वन मासिने क्रम तीव्र थियो। डाँडा नाङ्गिने र मानिस तराईतिर बसाइँ सर्ने प्रवृत्ति बढ्दै थियो। भूक्षयका कहालीलाग्दा वृत्तान्त पढ्न पाइन्थ्यो। पहाडी क्षेत्रलाई 'मिडल माउन्टेन' भन्ने चलन छ।

जैविक विविधता विशेष गरेर वन विविधताका दृष्टिले पहाडी क्षेत्र ज्यादै धनी छ। नेपालका ३५ प्रकारका वनमध्ये २८ प्रकारका वन यस क्षेत्रभित्र भेटिन्छ। नेपालका ११८ खाले पर्यावरणमध्ये ५३ वटा यसै क्षेत्रभित्र पाइन्छ। सांस्कृतिक विविधताको सर्वाधिक प्रचुरता यही पहाडी क्षेत्रमा कायम छ। जात-जाति, भाषा-भाषी, भेषभूषाको विविधता मेचीदेखि महाकालीसम्मको पहाडी क्षेत्रमा अधिक भेटिन्छ। वर्तमान नेपालका प्रायः सबै पहाडी जिल्ला सडक सञ्जालभित्र परिसकेका छन्। पञ्चायत कालको गाउँफर्क र जनश्रमदान, त्यसपछि 'आफ्नो गाउँ, आफैँ बनाऔँ' भन्ने अभियान र सङ्घीय संरचनाका नयाँ जोशले बाटो खन्ने कामलाई सर्वाधिक महत्व दिइआएको छ। बाटो खन्नुको अर्को नियति नयाँ पहिरो निम्त्याउनु र सवारी दुर्घटनामा ज्यान फाल्नु स्वाभाविक बनेको छ। मोहन मैनालीले 'देखेको देश' (२०७५) मा पहाडी बाटोको वातावरणीय चिन्ता प्रष्टसँग उजागर गरेका छन्।

समयमै गल्ती सुधार भयो भने हाम्रा पहाडी परिवेश घाउ निको पार्न सक्षम छन्। त्यसको ज्वलन्त उदाहरण सामुदायिक वन व्यवस्थापनले स्थापना गरेको छ। नेपालका २२ हजारभन्दा बढी सामुदायिक वनमध्ये पहाडी क्षेत्रका सामुदायिक वनको भूमिका सराहनीय सावित छन्। वातावरणको दृष्टिले पहाड सक्रियरूपमा जिउँदो छ। पहाडलाई फलफूल, तरकारी र जडीबुटी खेतीले समृद्ध बनाउन धेर समय लाग्दैन। चिया, कफी, सुठो, अदुवा र अलैँची मात्र हैन, चिराइतो र टिमुरजस्ता जडीबुटी पनि प्रशस्तै उत्पादन हुन्छन्। हामीले तराई र पहाडलाई उत्पादनशील बनाउन सक्यौँ

भने हामीकहाँ आइपुग्ने रेल होस् वा ट्रक, यहाँबाट रित्तै फर्कनु पर्दैन। पहाडी क्षेत्रको विकासमा जलविद्युत्‌लाई विशेष बढावा दिने र पर्या-पर्यटनको विकासमा अरू सक्रिय हुनुपर्ने कुरामा दुई मत नहोला। तर जमिनको स्थायित्व र समन्यायिक सामाजिक व्यवस्थामा कुनै आँच आउनुहुँदैन।

तराई-मधेसको कुरा गर्दा म दुई वर्षको दूधे बालक छँदा चितवनको जङ्गलमा जुद्धशमशेरको एउटै सिकारमा १२० वटा बाघ, ३८ वटा गैँडा, १५ वटा भालु र २७ वटा चितुवा मारिएका थिए। अङ्ग्रेज पाहुना लर्ड लिनलिथगो कति प्रसन्न भए होला ? चितवनको वनजङ्गल कति घना थियो होला ? आज त्यहाँ मात्र ९३ वटा बाघ छन्, त्यो पनि सरकार, सेना र अन्तर्राष्ट्रिय सङ्घ-संस्थाको ४६ वर्षको प्रयासपछि। चितवनदेखि पूर्वमा कोशी नदीसम्मको तराई भावरमा पनि निकै घना वन थियो भन्ने विवरण कोलोनेल कर्कपाट्रिकले २ सय २५ वर्षपहिले (सन् १७९३) मा उल्लेख गरेका थिए। सोमेश्वरदेखि कोशीसम्मको क्षेत्रबाट प्रत्येक वर्ष २ सयदेखि ३ सय हात्तीलाई जङ्गलबाट कब्जा गरेर भारतमा बिक्री गर्न लैजाने चलन थियो। अहिले यो क्षेत्र प्रदेश २ मा पर्छ। सबैभन्दा कम वन क्षेत्र भएका जिल्ला त्यहीँ पर्छन्। जनघनत्व त्यहीँ बढी छ। बाढीको प्रकोपले त्यहीँका मानिस बढी प्रभावित छन्।

सप्तकोशी शत्रुभन्दा निर्दयी बनेर पूरा जिल्लै सप्तरी (सप्त+अरी) को नामले स्थापित छ। प्रत्येक वर्षको वर्षायाममा मानिस एक जीवन बाँच्न हजार मृत्यु सामना गर्छन्। प्रदेश २ मा केही मौलिक वन बाँकी रहेको क्षेत्र बारा, पर्सा र रौतहटमा पर्छ। बाराको वन चर्को विवादमा छ। त्यस जिल्लामा ३० हजार ८ सय हेक्टर वन क्षेत्र छ। त्यसमध्ये २७ प्रतिशत अर्थात लगभग ८ हजार हेक्टर वन मासेर अन्तर्राष्ट्रिय विमानस्थल र त्यसका लागि आवश्यक नगर निर्माणको प्रस्ताव छ। त्यस आयोजनाको विवरणले २४ लाख रुख बारा जिल्लामा काटिने र त्यसको बदला ६ करोड १२ लाख रूख अन्यत्र रोप्ने कुरा बताइन्छ। रुख रोप्ने कहाँ हो, यकिन छैन। रुख रोपिहाल्दा पनि सयौँ वर्षको समयावधिपछि मात्र वनले आफ्नो स्वरूप लेला। भनिन्छ, सालको वृक्ष 'सौ साल खडा, सौ साल लडा र सौ साल सडा'। समयान्धि सोच वातावरणका लागि उपयुक्त हुँदैन। 'तराई हेर कति राम्रो हरियो वन हुनाले' भन्ने लोकप्रिय गीत २०१७ सालपहिलेको नेपालमा अति उपयुक्त हुने थियो।

त्यसबेला वनका रक्षक एवं संरक्षक थिए- लामखुट्टे र तिनका भान्जा औलोको ज्वरो। औलो निर्मूल भएदेखि तराई-मधेस वन कसैबाट सुरक्षित भएन। वि.सं. २०१७ देखि २०३७ सम्म निकै वन फँडानी भयो। वन क्षेत्र घटेर ६ लाख ४५ हजार ३ सय हेक्टरमा झर्‍यो। २०५० सालताका ५ लाख ४५ हजार ९ सय हेक्टरमा झर्‍यो। चार वर्षपहिले सन् २०१४ को सरकारी आकडाले तराई क्षेत्रको २०.४१ प्रतिशत भू-भागमा मात्र वन क्षेत्र (४ लाख ११ हजार ५ सय ८० हेक्टर) रहेको देखाउँछ। निजगढ अन्तर्राष्ट्रिय विमानस्थल र सुदूर-पश्चिम प्रदेशको राजधानी बसाउन तराई भावरको वनमाथि नयाँ दबाब सिर्जना हुँदैछ। तराई भावर र चुरेको पारिस्थितिकीय प्रणालीमा हाल मौजुदा वन क्षेत्रको अहं भूमिकालाई बिर्सेर वन अतिक्रमण र जग्गा अधिग्रहण गर्न थाल्नु विकास नभई विनाशको कारण बन्न सक्छ। वातावरणीय सन्तुलन र स्थिरतामा आघात पुग्छ। अझ चुरेलाई चिरेर पूर्व-पश्चिम लोकमार्ग निर्माण गर्ने हो भने त्यो' विनाश काले विपरीत बुद्धि' हुन जानेछ। तराईको वन जङ्गल र संरक्षित क्षेत्रहरू विश्वकै दुर्लभ वन्यजन्तु र वनस्पतिका अन्तिम आश्रयस्थलका रूपमा मौजुद छन्। संरक्षित क्षेत्रलाई बाहिरी अरू वन क्षेत्रले जैविक मार्ग र आश्रयस्थलको टेवा दिन सकेन भने हाम्रा राष्ट्रिय निकुञ्जहरू मानव सागरका बीचमा टुप्लुक्क टापुमात्र हुनेछन्। तिनको भविष्य लामो हुँदैन।

आजभोलि चर्चामा रहेको निजगढ विमानस्थलले जङ्गली हात्तीको आवत-जावत गर्ने जैविक मार्ग अवरुद्ध हुन्छ। कैलालीको गोदावरी क्षेत्रमा वन विनाश भयो भने पाटेबाघको जैविक मार्ग अवरुद्ध हुन्छ। बाघ, हात्ती, गैँडा आदि जीवजन्तु पर्यावरणका 'स्ट्रिट लाइट' जस्तै सङ्केत चिह्नमात्र हुन्। तराई, भावर, चुरे र मधेसको वनलाई संरक्षण गर्न सकिएन भने यस क्षेत्रको कृषि विकासमा पनि नकारात्मक प्रभाव पर्छ। तराई-मधेसलाई अन्नबाली उत्पादनको मूल थलो बनाउने सपना साकार हुँदैन। तराईका जिल्लाहरू जाडो याममा शीतलहरको सिकार बनिरहेका छन्। भारतको काश्मीरदेखि बङ्गलादेशसम्म शीतलहरबाट प्रभावित हुन्छन्। यसको मूल कारण वन विनाश र प्रदूषण विकास हुन्। तराईको वातावरणीय सुरक्षाका लागि न्युनतम वन क्षेत्र कति आवश्यक पर्छ र हाम्रा संवेदनशील क्षेत्रहरू कहाँ छन् भन्ने शीघ्र पहिचान हुनुपर्छ। तराई, भावर र चुरेका अति संवेदनशील क्षेत्रका लागि संरक्षण नीति पनि तर्जुमा हुनुपर्छ। त्यसो हुन सके मात्र नेपालको ५४.२६ प्रतिशत जनसङ्ख्या बोक्ने भूमि स्थिर र दिगो बन्न सक्ला।

अन्त्यमा, नेपालको अस्तित्व हिमाल, पहाड र तराईको सहअस्तित्वमा टिकेको छ। हराभरा तराई, रसिलो पहाड र सुन्दर हिमालको परिदृश्यमा नेपालको पहिचान खुल्छ। जनसङ्ख्या वृद्धि र त्यसभित्रको चलखेल, भू-उपयोगमा फेरबदल तथा जलवायु परिवर्तनका विशेष प्रभावले हिमाल पग्लन थालेको छ। पहाड भत्कन थालेको छ। तराई मरुभूमि बन्दैछ। मरुभूमिलाई फुलाएर मह र दूधको देश बनाउने सङ्कल्प इजरायलीले पूरा गरे। अब नेपालीले तराईलाई अन्न भण्डार, पहाडलाई फलफूल-तरकारीको बागवानी र लेकाली क्षेत्रलाई पशु धन र जडीबुटीले सम्पन्न बनाउने अठोट गर्नुपरेको छ। गार्हस्थ्य उत्पादनको परिदृश्यमा सेवाबाट प्राप्त हुने राशिलाई व्यापारले जित्नु छ र व्यापारलाई कृषिले उछिन्नु छ। कृषि, व्यापार र सेवाको सन्तुलित अनुपातलाई मजबुत बनाउन वन र हरियाली अनि वनस्पति र वन्यजन्तुको संरक्षणलाई भुल्नु हुँदैन। त्यसका लागि आवश्यक शक्ति सञ्चालन गर्ने क्रममा नेपाली जनशक्ति र जलशक्तिलाई सर्वोपरि महत्व दिनुपर्छ। समृद्ध नेपाल र सुखी नेपालीको सपनालाई विपनामा साकार पार्न नेपाललाई ब्युँझेर हेर्न सकौँ। शुभकामना। ✿

मदन पुरस्कार वितरण समारोहमा बिहीबार प्रस्तुत प्रवचन।
कान्तिपुर, १२ अक्टुबर

# दुःखीराम : दुःख र सन्देश



कुरा २०५७ साउन २७ गतेको। सदाहरूको बस्तीमा निर्देशन आयो- लक्ष्मी चौधरीको पाडो मऱ्यो त्यसैले तत्कालै फ्याँक्न आइहाल्नू। सधैँ यस्तो निर्देशन आउँदासाथ हुबहु पालना गर्ने सदाहरू यो दिन भने फरक देखिए। सबैजना जम्मा भए र एकछिन छलफल गरे। अनि निष्कर्ष निकाले- जे हुन्छ हुन्छ, अबदेखि कसैको पनि सिनो फ्याँक्न नजाने।

एकाधले आफूले खाइपाइ आएको गुम्ने गुनासो गरे। केहीको सुझाव थियो कि एकैपटक यस्तो निर्णय नगरौँ। तर बहुमत सिनो नफ्याँक्ने निर्णयमा अडिग रह्यो। त्यो पनि यो पटकमात्र हो र ? सदाका लागि। निर्णय त्यति सजिलो थिएन। तर पनि भयो। अझ कार्यान्वयन त झनै जटिल थियो तर पनि सदा समुदायले यो जटिलतालाई व्यवहारमा उतारे। अनि खबर पठाए- हामी सिनो फ्याल्दैनौँ। त्यसैले अब कहिल्यै पनि हामीलाई यस्तो कामका लागि नबोलाउनू।

'एक कान दुई कान मैदान' भनेझैँ सदाहरूले पठाएका खबर गाउँभर फैलियो छिनभरमै। चौधरी र यादवको बाहुल्यता रहेको गाउँमा 'लौ न के हुन लाग्यो, सदाहरू यति ठूला भइसके ?' भन्ने टीकाटिप्पणी छरपष्ट हुन थाले। कसैले उनीहरूमा यो आँट कसरी पलायो भन्ने प्रश्न गरे। कसैले पत्याउनै गाह्रो माने। अनि कसैले चाहिँ 'अब उनीहरूलाई देखाइदिनुपर्छ' भन्ने इबी सङ्गाले। चोक, चौतारो, हटिया र पसलहरूका गरिने गफको 'हट मसला' बन्यो यो विषय।

यता सदा समुदाय भने आफ्नो निर्णयमा अडिग रहे। जस्तोसुकै दुःख र पीडासँग जुध्नुपरे पनि यो निर्णयबाट पछि नहट्ने प्रतीज्ञासाथ अटल भएर बसे। सधैँ 'लाए/अराएको' मानिआएका उनीहरूकै लागि पनि यो निर्णय सहज थिएन। तर 'जिन्दगी नै सिनो फ्याल्दैमा बित्ने भो' भन्ने निष्कर्षमा पुगेका उनीहरू ढिलो/चाँडो यस्तो निर्णय गर्नैपर्ने अवस्थामा भने पुगिसकेका थिए। त्यसैले यही समयलाई उपयुक्त ठाने र अड्डी कसे।

### नाकाबन्दीको चौघेरामा

त्यसपछि त के चाहियो र ? चौधरी र यादव रिसले आगो भए। गाउँका पसलमा सदा समुदायको पैसा नचल्ने भयो। मेलापात कसैले नबोलाउने भए। पानी थाप्न प्रतिबन्ध लगाइयो। औषधिसमेत किन्न दिइएन उनीहरूलाई। राम्रोसँग बाटो हिँड्न पनि मुस्किल पारियो। सिनो नफालेको झोक यसरी नाकाबन्दीमा परिणत गरे चौधरी र यादव समुदायले। एकप्रकारले 'विचरा' बनाइए सदा समुदाय। पूर्व-पश्चिम, उत्तर-दक्षिण, जता हेऱ्यो उतै अवरोधै अवरोध।



निकै कठिन बन्यो जिन्दगी ।

सुन्दै कुनै कथा वा नाटक जस्तो लाग्ने यो घटना हो- सप्तरीको हालको अग्निसायर कृष्णासवरन गाउँपालिका-३ मा पर्ने मट्टिगढा गाउँको । जहाँ ३२ घर सदा बस्छन् । एकाधको केही धुरबाहेक कसैको आफ्नो जमिन छैन यो गाउँभर । हरूवा/चरुवा बसेर जिन्दगी बिताउने उनीहरू यसबाट पनि नपुग्ने भएकाले कसैको अधिया/बटैया गरेर गुजारा चलाइरहेका थिए । काम गर्दागर्दै त यसरी अभावको जिन्दगी बाँच्न बाध्य सदा समुदाय सिनो फ्याल्दा आउने थोरै धानबाट समेत वञ्चित हुने निर्णय गर्न कसरी बाध्य भए त ?

यो घटनाका नायक दुःखीराम सदा भन्छन्- कसैको वस्तुभाउ मऱ्यो कि तत्काल जानुपर्ने । नत्र रिसाइहाल्ने । सिनो फ्याल्न एकाधजनाले नपुग्ने । कम्तीमा पनि १०-१२ जना चाहिन्थ्यो । त्यसैले उनीहरूले बोलाएका बेला जो जहाँ भए पनि सबै जम्मा हुनैपर्ने बाध्यता हुन्थ्यो । कहिलेकाहीँ त मानिस नपुगेर केही ढिला भयो भने उल्टै गाली खाइन्थ्यो । अनि दिन्छु भनेर कबोल गरेको धानसमेत दिन्न भनेर धम्क्याउने गर्थे । यस्तो अवस्थामा हामी कसैको गाईवस्तु कहिले मर्ला र फ्याल्नुपर्ला भनेर ढुकेर बस्नुपर्ने अवस्था कायमै रह्यो । न बालबच्चा पढ्न जान पाए, न सक्नेहरू निर्धक्क काममा जान पाउने भए न त उनीहरूले दिने वार्षिक ५ किलोग्राम धानबाटै हाम्रो जीविका चल्ने भयो । त्यसैले हामी जे होला, होला आइन्दा सिनो नफ्याँकौँ भन्ने निष्कर्षमा पुग्यौँ ।

७१ वर्षका दुःखीराम यसअघि पनि कसैमाथि अन्याय/अत्याचार भएमा चूप लागेर बस्न सक्दैनथे । कसैलाई परेको होची अर्गेलीप्रति उनी खबरदारी गरि नै रहन्थे । त्यसैले सिनो नफ्याँक्ने उनको सुझाव गाउँका सबैले मानेका थिए । सिनो फ्याँक्ने काम एकातिर आफूहरूलाई हेयका दृष्टिले हेर्ने र अर्कोतिर जातीय भेदभावको एउटा प्रमुख कारणका रूपमा झाङ्गिदै गएको बुझाइ दुःखीराममा गड्न पुगेको थियो । त्यसैले उनले यसबाट मुक्ति चाहेका थिए । जुन स्वाभाविक पनि थियो ।

गाउँका वृद्ध नै कम्मर कसेर अघि सरेपछि सबैले त्यसलाई अनुशरण गर्ने नै भए । त्यसैले नाकाबन्दीपछि उनीहरूले आफ्ना लागि आफैँ पानीको जोहो गरे । काम गरेर खानुपर्ने अवस्थाका बासिन्दा काममा नबोलाइएपछि विलखबन्दमा परे । त्यसको विकल्पमा उनीहरू रातभर जङ्गल गई दाउरा ल्याउने र बजारमा बेचेर गुजारा चलाउन बाध्य भए । जसका पाखुरा बलिया थिएनन् वा घरमा बलिया मानिस थिएनन्, उनीहरूले घरमा भएका कुखुरा, बाखा आदि बेचेर पनि भातभान्सा चलाए ।

यसरी सदा गाउँ वरिपरिबाट चौतर्फी नाकाबन्दीमा पऱ्यो । तर पनि दुःखीरामको नेतृत्व र गाउँका अरू अगुवाको सहयोगका कारण उनीहरूको अडान डग्मगाएन । बरु भोकै मर्ने तर अरू बेला पनि आफूहरूमाथि नाकाबन्दी गर्नेको काममा नजाने निर्णय लिएर बसिरहे । दुःखीरामले सुनाए- त्यतिमात्र हो र ? नाकाबन्दी लगाउनेहरूले हामी सदाहरूलाई हरूवा/चरुवा बसेबापत कमाउन दिइएको करिब ३ बिघा जमिनमा लगाएको बालीसमेत काटेर लगे । दुःखीराम, लक्ष्मी, विदेशी, जगाएराम आदिको धान सबै लगे । यति गरे, यति गरे, भनिसाध्य नै छैन ।

एकातिर बिहान कमाएर बिहानै, बेलुका कमाएर बेलुकै खानुपर्ने चरम गरिबी भोगिरहेका समुदायलाई कामबाट वञ्चित गरेर निकै अप्ठेरोमा पारियो भने अर्कोतिर भित्र्याउने बेला भएको अनाजसमेत आफैँ लगेर अर्को अपराध गरे चौधरी र यादव समुदाय मिलेर । यही कारण सदा बस्तीमा अभावै अभावमात्र बाँकी रह्यो । तर पनि यादव र चौधरी समुदायको रिस मरेन सदा समुदायमाथि । उनीहरू कसरी यिनीहरूलाई झनै अप्ठेरोमा पार्न सकिन्छ भन्ने तानाबाना बुन्नमा केन्द्रित भइरहे । एकपछि अर्को अप्ठेरो सिर्जना गर्दै रहे यादव र चौधरी भने त्यसको जालोमा पर्दै रन्थनिँदै अघि बढिरहे सदाहरू । 'तर पनि हामी एकरत्ति विचलित भएनौँ'- दुःखीरामले त्यतिबेलाको अठोट व्यक्त गरे ।

### बहाना माओवादीको

हरामदेखि राम त डराउँछन् रे, सदा समुदाय नडराउने कुरै भएन । त्यसको केही समयपछि गाउँ विकास समितिको कार्यालय जलाएका थिए कसैले । अनि के चाहियो र ? चौधरी र यादव समुदायले यसलाई मौकाका रूपमा 'सदुपयोग' गर्न उचित ठाने । अनि सिनो नफ्याँक्ने कार्यको नेतृत्वकर्ता दुःखीराम र उनका दुई छोराविरुद्ध हालिदिए जाहेरी- यिनीहरू माओवादी हुन् र गाविसमा आगो लाए भनेर । प्रहरी पनि के कम ? हो न हो, यिनीहरू नै हुन् माओवादी भन्यो र लग्यो समाएर ।

जब दुःखीराम, उनका जेठा छोरा विद्यानन्द र कान्छो छोरा कामानन्दलाई माओवादी भई गाविस जलाएको आरोपमा प्रहरीले थुन्न लग्यो, गाउँमा हाहाकार मच्चियो । अब सबैलाई प्रहरीले लान्छ भन्ने हल्ला फिँजाए नाकाबन्दीवालाहरूले ।

त्यसपछि दुःखीरामका माइलो छोरा रामानन्द र अरू परिवार घरबाहिरै भागिभागी हिँड्न थाले । गाउँका युवा र खासगरी पुरुषहरू डरले घर आउनै छाडे । जानु त कहाँ थियो र ? करिब करिब जङ्गलकै बास हुन थाल्यो । जब पुरुषहरू घर आउन छाडे, महिला र किशोरावस्थाका छोरीहरू असुरक्षित महसुस गर्न थाले । निकै तनाव बेहोरे उनीहरूले ।

दुःखीरामकी कान्छी बुहारी ससुराको कुरामा सही थप्दै भन्छिन्- एकातिर ससुरा, जेठाजु र श्रीमान्लाई लगेर थुनेको छ । अर्कोतिर राति घरमा सुतिरहेका बेला प्रहरी 'प्रमाण' खोज्ने निहुँमा आएर हैरान पार्थ्यो । आफूसँगै सुतिरहेका छोरीहरूलाई इङ्गित गर्दै यो माओवादीलाई कहाँबाट ल्याएर किन सुताइस् भनेर दिक्क पार्थे । यसरी हामी दोहोरो पीडा बेहोर्न बाध्य भयौँ । जबकि न दुःखीरामको कुनै माओवादीसँग गोरु बेचेकै साइनो थियो न त यहाँका अरू सदा समुदायकै । तर आफूले नजिकबाट समेत नदेखेको माओवादीका नाममा दुःख भने यिनै दुःखीरामहरूले झेल्नसमेत झेले । कामानन्द थप्छन्- नवीन अधिकारी भन्ने एसपी थिए । उनकै नेतृत्वमा हामीलाई कुट्नुसम्म कुटियो ।

यसरी कामानन्दका दाजुभाइ १५ र १७ दिनपछि छुटे भने दुःखीरामलाई चाहिँ साँढे १५ महिनापछिमात्र छाडियो । न उनी माओवादी भएको प्रमाणित भयो न त उनका छोराहरू नै । माओवादी नै नभएपछि हुँदाखाँदाको आफ्नै गाउँको गाविस कार्यालय किन जलाउनुपर्थ्यो र यिनीहरूलाई ? तर पनि साँढे १५ महिना कारागारको चिसो छिँडीमा बिताउन बाध्य पारिए दुःखीराम । यो सजायको कारण के होला त ? दुःखीरामको उत्तर छ- मैले सदामाथि भएको विभेदविरुद्ध आवाज उठाएकाले त होला नि ?

### उत्साहित तुल्याउने पाटो

यसरी आफूमाथि लगाइएको आरोप झुटो सावित हुनु र केही दुःख कष्ट बेहोर्नुपरे पनि छुटेर आउन सक्नुमा केही कारण अवश्य छन् भन्छन् दुःखीराम । उनका अनुसार सञ्चारमाध्यम र अधिकारका क्षेत्रमा काम गर्ने सङ्घ/संस्थाले यतिबेला



राम्रै साथ दिए यो आन्दोलनलाई । जब कामानन्दका दाजुभाइ प्रहरी नियन्त्रणबाट छुटे, काठमाडौँबाट दुर्गा सोव, रत्नबहादुर बागचन्द, डा. जीत गुरुङ, दीलिप परियार, अर्जुन थपलियालगायतले बोलाए कामानन्दलाई । त्यसपछि उनीहरूकै सल्लाहमा कामानन्दले छुवाछूतविरुद्ध मुद्दा हाले सर्वोच्च अदालतमा ।

सर्वोच्च अदालतले यो घटनामा तत्कालीन जिल्ला सभापति दिनेश यादवलाई जरिवाना तिराउने फैसला सुनायो । जसले सदा समुदायले गैरदलितको सिनो फ्याल्नु प्रथा भएकाले यसलाई कायमै राख्नुपर्ने पक्षमा वकालत गरेका थिए । त्यसैगरी यो घटनामा संलग्न दोषी प्रहरीलाई पनि कारबाहीको आदेश दियो । र, प्रमुख जिल्ला अधिकारी बालकृष्ण प्रसाईले लुटिएको धान तिराउने आदेश दिए । दुःखीरामले सुनाए- लुटेको धानमध्ये एक चौथाइमात्र दिए तर पनि उनीहरूलाई सजायको आदेश हुनु नै ठूलो कुरा भएकाले चूप लाग्यौँ किनकि यसले हामीमाथि अन्याय भएको छ भन्ने पुष्टि गर्न सघायो ।

### यात्रा भूमि अधिकारको

सदाहरूले थालेका अभियान विशुद्ध अधिकार प्राप्तिसँग सम्बन्धित थियो । हेपाहा र भेदभाव प्रवृत्तिविरुद्धको जेहाद थियो । न यो कोही व्यक्तिसँग सम्बन्धित थियो न त कुनै समुदाय वा समूहप्रति नै लक्षित । त्यसैले हिरासतको कुटाइ, धम्क्याइ र कारागारको नारकीय भोगाइले पनि उनीहरूको अधिकार प्राप्तिको यात्रामा पूर्णविराम लगाउन सकेन । आफ्नो समुदायले भोग्नुपरेका असङ्ख्य विभेदविरुद्ध आवाज मुखरित गरि नै रहे त्यसैले ।

दुःखीराम पहिले नै दलित जनचेतना सङ्गममा आबद्ध थिए । यो त्यही संस्था हो जोसँग सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी) ले सहकार्य गरिरहेको थियो । यसै क्रममा दुःखीराम र उनका छोराहरू भूमि अधिकार प्राप्तिको आन्दोलनमा क्रियाशील हुन पुगे । दलित जनचेतना सङ्गम सिरहामा भएको सिनो नफ्याँक्ने अभियानपछि जन्मेको संस्था थियो । जब सिरहाको लहान र सप्तरीको राजविराजमा यो अभियानअन्तर्गत निकालिएको जुलुसमा 'हुने/खाने' ले सङ्गठितरूपमा प्रतिकार गरे, त्यही प्रतिकार जुलुसले जन्मन बाध्य पारेको थियो सङ्गमलाई । दुःखीराम भन्छन्- हामीलाई पनि कुनै पनि उद्देश्य हासिल गर्न सङ्गठितरूपमा लाग्नुपर्दोरहेछ भन्ने सिकाइ भयो विपक्षीहरूको जुलुसबाट । अनि यो संस्था गठन गरेका थियौँ । जसमा भूमि अधिकार आन्दोलन तथा सिनो बहिष्कार आन्दोलनका सक्रिय योद्धा बलदेव रामको नेतृत्व थियो ।

सिएसआरसीको सम्पर्कमा पुगेपछि दुःखीरामले धेरै कुरा थाहा पाए । दलितमाथि भइरहेको जातीय विभेदको मुख्य कारण

गरिबी नै हो रहेछ भन्नेमा अझै प्रष्ट भए। अनि हाम्रो सन्दर्भमा गरिब हुनुको मुख्य कारण जमिन अभाव नै भएको चुरो कुरो पनि बुझे। त्यसपछि नै हो कि दुःखीराम दलित र अझ त्यसमा पनि सबैभन्दा पिछडिएको सदा समुदायको भूमि अधिकारबारे वकालत गर्न थालेका। यस क्रममा ऐलानीमा बसेका हजारौँ परिवारलाई उक्त जमिनमा स्वामित्व दिनुपर्ने माग गर्दै हजारौँ निवेदन बटुलेर सम्बन्धित निकायमा दर्ता गराएका छन् उनीहरूले। भूमि अधिकार आन्दोलनका दर्जनौँ जुलुस, धर्नामा भाग लिएका छन्। छोरा कामानन्द भन्छन्- म त भूमि अधिकार अभियानकर्ता नै हुँ।

दुःखीरामहरू बसोबास गरेका सबै जमिन ऐलानीमै छ। त्यो पनि पर्याप्त भए त हुन्थ्यो। उनका तीन छोरालाई ७-७ धुर पर्न आउँछ। गाउँका अरूको हालत पनि यसभन्दा पृथक छैन। तर पनि दुःखीराम खुसी व्यक्त गर्छन् यसकारण कि उनीहरूको लगातार सङ्घर्षकै प्रतिफलस्वरूप केही समयअघिमात्र यो जग्गा नापी भएको छ। त्यसैले आशा व्यक्त गर्छन्- अब प्रमाण देलान्।

विक्रम संवत् २०६३ देखि २०६७ सम्म दुई कार्यकाल राष्ट्रिय भूमि अधिकार मञ्चको जिल्ला अध्यक्ष पनि भए दुःखीराम। उनैको नेतृत्वमा बसेको जग नै अहिले सदा समुदाय बसिरहेका जमिन नापी भई स्वामित्व पुर्जा पाउने अवस्थामा पुग्नुको मुख्य कारण बताउँछन् गाउँले। त्यतिमात्र हो र? कामानन्द भन्छन्- 'अब यसरी हाम्रो नाममा हुँदै गरेको जग्गामा हामी श्रीमान्-श्रीमतीकै संयुक्त पुर्जा बनाउँछौँ।' यो भनाइले पनि उनीहरू कति उन्नत स्तरको बुझाइ बनाउन सफल भएका छन् भन्ने पुष्टि हुन्छ।

## नतिजा

दुःखीराम, उनको परिवार र यो समुदायका अन्य सदस्य मिलेर गरेका आन्दोलनको नतिजा निराशाजनक पक्कै छैन। एकातिर जातीय विभेदको मुख्य कारकका रूपमा विद्यमान सिनो फ्याँक्ने प्रथा हट्यो भने सहउत्पादनका रूपमा त्योसँग जोडिएका हेपाइ, शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्था तथा आदेश पालकको भूमिका पनि डाँडो काट्यो। दुःखीराम थप्छन्- अहिले हाम्रा बालबालिका पढ्न जान थालेका छन्। कतै विदेश वा स्वदेशमै पनि कमाउन जान स्वतन्त्र भएका छन्। मुख्य कुरा हामीमाथि यही विषयलाई लिएर हुने हेपाहा प्रवृत्ति अन्त्य भएको छ।

यतिखेर आफैँलाई नाकाबन्दी लगाउने र दुःख दिने चौधरी तथा यादव समुदायसँग पनि राम्रो सम्बन्ध बनेको छ सदा समुदायको। एकले अर्कालाई मर्दापर्दा सघाउने वातावरण सिर्जना भएको छ। नाकाबन्दी गर्ने समूहलाई 'गल्ती गरेको' महसुस भएको छ। यो सब हुनुको कारण आफ्ना माग जायज हुनुलाई बताउँछन् उनी। त्यही भएर त सञ्चारमाध्यमदेखि काठमाडौँमा कार्यरत अधिकारकर्मी संस्थाहरूले समेत

**दुःखीरामहरू बसोबास गरेका सबै जमिन ऐलानीमै छ। त्यो पनि पर्याप्त भए त हुन्थ्यो। उनका तीन छोरालाई ७-७ धुर पर्न आउँछ। गाउँका अरूको हालत पनि यसभन्दा पृथक छैन। तर पनि दुःखीराम खुसी व्यक्त गर्छन्।**

बोलाइबोलाइ साथ दिएको बुझाइ पनि छ उनको। दुःखीराम र उनको समुदायका सदस्यहरूको यो व्यवहारले पुष्टि गर्छ कि उनीहरू ढुङ्गाले हान्नेलाई फूलले जवाफ फर्काएर आफ्नो महानता प्रदर्शन गर्छन्।

## सन्देश

यतिबेला दुःखीराम ८९ वर्षका भएका छन्। २ वर्षदेखि मुखमा भएको प्यारालाइसिसका कारण चाहेर पनि राम्रोसँग बोल्न सक्दैनन्। तर पनि हाउभाउसहित बिस्तार अड्की अड्की बोल्ने उनी सदा समुदायमाथि भइरहेको विभेद र पक्षपातविरुद्ध सङ्घर्ष जारी राख्नुपर्छ भन्ने सुझाव दिन्छन्। हामी पनि सुध्रन आवश्यक छ भन्ने दुःखीराम सबैभन्दा पहिले बालबच्चालाई पढाउनुपर्ने बताउँदै भन्छन्- शिक्षा जस्तो ज्योति केही हुँदैन। त्यसैले सबैजना शिक्षित हुन सकियो भने दुःखका दिन आफैँ भाग्छन्।

आफूहरूले सुरु गरेको आन्दोलन गन्तव्यमा नपुगुन्जेल जारी राख्न अझै पनि तल्ला पिँढीलाई हौस्याउँछन् यी वृद्ध। भन्छन्- 'राहतले गुजारा चल्दैन, दीर्घकालीन समाधान हुनुपर्छ।' भूमिहीन दलितलाई १० धुर जग्गा दिने सरकारी निर्णयप्रति उनको आक्रोश छ। जसलाई यसरी ओकल्छन् यी वृद्ध- के हामीले भिख मागेको हो? १० धुरले जीविका चलाउन सकिने भए उनीहरू पनि त्यति लिएर हेरुन् त, चल्छ कि चल्दैन? त्यसैले राज्यद्वारा नै विभिन्न तिकडम गरी पछाडि पारिएका हामी दलितलाई कम्तीमा पनि ५ कठ्ठा जमिन उपलब्ध गराउनैपर्छ। र, त्यति नहुन्जेल आन्दोलन जारी राख्नुपर्छ। आखिर माग्दैमा सजिलै त कसले पो दिन्छ र?

आफ्नो अधिकार माग्दा मार्छन् भने मारुन् तर पछि हट्नुहुन्न भन्ने धारणाका दुःखीराम प्यारालाइसिसको उपचारका लागि भारत जाने र तगडा भइ आउने सुनाउँछन् भेट्न जाने जो/कोहीलाई। 'अन्यायमा पारिएका समुदायका लागि धेरै काम गर्न बाँकी नै छ, त्यसका लागि पनि म तगडा हुनु जरुरी छ'- यो उमेरमा किन तगडा हुनुपरेको भन्ने प्रश्न सोध्नेलाई यस्तो उत्तर दिएर चकित पार्ने गर्छन् अचेल उनी। ✪

(रघुनाथ लामिछानेद्वारा दुःखीराम सदासँग २०७५ फागुन ३ गते उनकै निवासमा गरिएको कुराकानीमा आधारित। जसमा दुःखीरामका कान्छा छोरा कामानन्दले सहयोग गरेका थिए।)



सन्दीप श्रेष्ठ

# राष्ट्रिय हरवा चरवा अधिकार मञ्चद्वारा मागपत्र पेश



राष्ट्रिय हरवा चरवा अधिकार मञ्चले प्रदेश नं. २ का भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्रप्रसाद साहलाई हरवा चरवाको मुक्ति र ऋण मिनाहासहितको ५ बुँदे मागपत्र पेश गरेको छ। २०७५ फागुन ४ गते मन्त्री निवास जनकपुरमा राष्ट्रिय हरवा चरवा अधिकार मञ्चका अध्यक्ष दसन मण्डल, सचिव लागेन्द्र सदालगायतको समूहले उक्त मागपत्र पेश गरेको हो।

हरवा चरवा नेपालको बँधुवा श्रममा आधारित प्रथा हो। नेपालको संविधान र कानुनले यस प्रथालाई अमानवीय भनेको छ। तर अहिलेसम्म पनि प्रदेश नं. २ का केही जिल्लामा हरवा चरवा प्रथा कायम नै छ। संविधानको मौलिक हकले प्रत्येक व्यक्तिले सम्मानपूर्वक बाँच्न पाउने, उपयुक्त आवास पाउने, बेचबिखन, दास वा बँधुवा बनाइनबाट सुरक्षा पाउने जस्ता व्यवस्था गरिसकेको छ। त्यसैले हरवा चरवा मुक्त समाज र प्रदेश बनाउनका लागि प्रदेश सरकारको सक्रिय भूमिकाका लागि हरवा चरवा अधिकार मञ्चका प्रतिनिधिले प्रदेश मन्त्रीलाई अनुरोध गरेका हुन्।

मागपत्र बुझ्ने क्रममा मन्त्री साहले हरवा चरवाको माग सम्बोधनका लागि आफू सकारात्मक रहेको बताउनुभयो। उहाँले हरवा चरवाको सवाल र सम्बोधनका लागि चाल्नुपर्ने कदमबारे मन्त्रालय र यस सवालमा काम गर्ने सङ्घ/संस्थाहरूबीच छलफल आयोजना गर्ने कुरा राख्नुभयो। उहाँले प्रदेश नं. २ मा गरिबी, उत्पीडन र भेदभावबाट सबैभन्दा प्रभावित हरवा चरवा समुदायको उत्थान र प्रगतिका लागि प्रदेश सरकार सधैँ तत्पर रहेको बताउनुभयो। उहाँले हरवा चरवाको समस्या समाधानका लागि तथ्याङ्क सङ्कलन सबैभन्दा महत्वपूर्ण र पहिलो कदम भएको कुरा बताउनुभयो। उहाँले यही तथ्याङ्कका आधारमा हरवा चरवाको अवस्था वर्गीकरण, परिचयपत्र र त्यसका आधारमा सेवा/सुबिधा र रोजगारीको योजना बनाउन सजिलो हुने धारणा राख्नुभएको थियो।

**मागपत्र पेश गर्ने क्रममा जिल्ला तथा राष्ट्रिय हरवा चरवा अधिकार मञ्च, राष्ट्रिय भूमि अधिकार मञ्च, धनुषा जिल्लाका दलित समाज उत्थानशील नेपाल र सामुदायिक सुधार केन्द्रका प्रतिनिधिसहित १४ (महिला-३) जनाको सहभागिता थियो।**

उक्त पत्रमा आवास र खेतीका लागि जमिनको माग पनि समेटिएको छ। यसका लागि भूमिसम्बन्धी एकिन तथ्याङ्क प्रदेश सरकारसँग हुन जरुरी छ। भूमि तथा गुठी ऐन प्रदेश सभाले पारित गरेपछि मात्र प्रदेश सरकारले यस विषयमा थप कार्य गर्न सक्ने





उहाँले बताउनुभयो। हरवा चरवालगायत भूमिहीनहरू बसिरहेको ऐलानी जमिन दर्ता गरी स्वामित्व दिन प्रदेश सरकार तयार रहेकाले यो विषयमा सबै सरोकारवाला एकै ठाउँमा बसेर अन्तर्क्रिया कार्यक्रम आयोजना गर्नसमेत उहाँले सल्लाह दिनुभयो। उहाँले भन्नुभयो- यो भेटघाट हरवा चरवा समस्या समाधानको पहिलो कदम हो। सरकारी मानिस राखेर अन्तरर्क्रिया गरौँ। म यस कार्यमा प्रतिबद्ध छु। भोलिका दिनमा हरवा चरवाका लागि कार्यविधि बनाउनसमेत प्रदेश सरकार तत्पर छ।

मागपत्र पेश गर्ने क्रममा द फ्रिडम फन्डका प्रतिनिधि बालाराम भट्टराईले प्रदेश सरकारको हरवा चरवा मुक्तिको अभियान र मूलतः तथ्याङ्क सङ्कलन कार्यमा द फ्रिडम फन्डले सकेको प्राविधिक सहयोग प्रदान गर्न तयार रहेको प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो- एकाधबाहेक सबै हरवा चरवा गरिबीको रेखामुनि बाध्यकारी बँधुवा श्रमिकका रूपमा जीवन यापन गर्न बाध्य छन्। प्रदेश सरकारले पहिचानसहितको मुक्ति घोषणा गर्नु नै यो समुदायको उत्थानको पहिलो कदम हो।

राष्ट्रिय हरवा चरवा अधिकार मञ्चका अध्यक्ष दसन मण्डलले हरवा चरवाको जीवन धेरै पुस्तादेखि हरवाई चरवाइ गरेरै बितेको उल्लेख गर्दै भन्नुभयो- 'ऐलानी र खोला किनारमा सबैको बास छ, जमिनको नाममा केही छैन। स्थानीय सरकारले विकासको नाममा बसिरहेको जग्गाबाट पनि उठिबास गर्न खोज्दैछ। गिरहतबाट लिएको ऋणस्वरूप पछिल्लो पुस्ताको जीवन पनि यही अन्धकारमा बित्ने डर छ। यो प्रदेश सरकारकै पालामा मुक्तिको घोषणा गरी उचित पुनर्स्थापनाको कार्यक्रम ल्याओस्।'

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले २५ वर्षदेखि भूमि अधिकार आन्दोलनमा समुदायको सवाल र नीतिगत क्षेत्रमा काम गरिरहेको कुरा अभियान व्यवस्थापक कल्पना कार्कीले राख्नुभयो। उहाँले संस्थाले सिकाइको आधारमा हाल प्रदेश नं. ३ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई आवास र भूमिसम्बन्धी ऐन निर्माणमा प्राविधिक सहयोग गरिरहेको र यसका आधारमा प्रदेश २ मा पनि गर्न सक्ने धारणा राख्नुभएको थियो।

मागपत्र पेश गर्ने क्रममा जिल्ला तथा राष्ट्रिय हरवा चरवा अधिकार मञ्च, राष्ट्रिय भूमि अधिकार मञ्च, धनुषा जिल्लाका दलित समाज उत्थानशील नेपाल र सामुदायिक सुधार केन्द्रका प्रतिनिधिसहित १४ (महिला-३) जनाको सहभागिता थियो।

**हरवा चरवा अधिकार मञ्चका माग :**

१. हरवा चरवाको ऋण मिनाहा गरी मुक्तिको घोषणा गरियोस्।
२. विक्रम संवत् २०७६ को असोजभित्र हरवा चरवाको तथ्याङ्क सङ्कलन गरी सबै हरवा चरवालाई परिचयपत्र वितरण गरियोस्।
३. परिचयपत्रका आधारमा आवास र खेतीका लागि कम्तीमा ५ कठ्ठा जग्गा उपलब्ध गराइयोस्।
४. हरवा चरवा परिवारका बालबालिकालाई उच्च तहसम्मको शिक्षा निःशुल्क दिलाइयोस्।
५. हरवा चरवा परिवारको कम्तीमा १ जनालाई रोजगारीको व्यवस्था गरियोस्। र, सबैखाले दलित आरक्षणभित्र पनि हरवा चरवाका लागि कोटा सुनिश्चित गरियोस्।



सरस्वती सुब्बा

# राष्ट्रिय भूमि अधिकार मञ्च : पाँचौं सम्मेलनसम्मको यात्रा



गणतान्त्रिक नेपालमा पनि भूमि अधिकारबाट वञ्चितहरूका समस्यामाथि समस्या थपिँदै जानु सबैका लागि चिन्ताको विषय हो। भूमिहीनहरूलाई एकातिर जग्गामा कानुनी स्वामित्व हुनेले सताउने, अर्कोतिर वन कार्यालय, सामुदायिक वन, आदिका नाममा दुःख दिने, उठिबास लगाउने र बिचल्ली पार्ने जस्ता काम अझै पनि हुँदै आएका छन्। यिनै समस्यामा परेका भूमिहीन, साना किसानलाई सङ्गठित गरी २०६१ सालमा राष्ट्रिय भूमि अधिकार मञ्च गठन भएको थियो। र, सँगै सुरु भएको थियो मेरो पनि भूमि अधिकार प्राप्तिको यात्रा।

यसरी एक दशकभन्दा बढी भइसकेछ भूमि अधिकार आन्दोलनमा होमिएको। काठमाडौँको पहिलो सम्मेलनबाट केन्द्रीय समितिमा निर्वाचन भएको हिजो जस्तै लाग्छ। यसपछिका ३ वटा (२०६४ मा दाङ, २०६८ मा जनकपुर, २०७१ मा कञ्चनपुर) सम्मेलनले पनि भूमि अधिकार आन्दोलनलाई दिन/प्रतिदिन सशक्त बनाउन अतुलनीय योगदान गरेको छ। राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको विधानअनुसार राष्ट्रिय सम्मेलन हरेक तीन वर्षमा आयोजना गर्नुपर्छ। सोहीअनुरूप मञ्चको पाँचौं राष्ट्रिय सम्मेलन २०७५ फागुन २७ देखि २९ गतेसम्म पोखराको सभागृह चोकमा आयोजना हुने भएको छ। आज राष्ट्रिय मञ्चको महासचिव भएर यी सबै सम्मेलनलाई फेरि फर्केर हेर्ने मौका पाएको छु।




## पहिलो राष्ट्रिय सम्मेलन

राष्ट्रिय भूमि अधिकार मञ्चको पहिलो राष्ट्रिय सम्मेलन २०६१ पुस ४ देखि ६ गतेसम्म काठमाडौँमा भएको थियो। यही सम्मेलनले मञ्चको विधिवत् गठन गरेको थियो। यो सम्मेलनले सप्तरीका बलदेव रामको अध्यक्षतामा १८ सदस्यीय केन्द्रीय समिति निर्वाचित गरेको थियो। मञ्च गठनलगत्तै वैधानिकता प्राप्तिका लागि दर्ता गर्ने तथा देशव्यापीरूपमा जिल्ला तथा गाउँ मञ्चहरू गठन गर्ने निर्णय भएको थियो। सोही निर्णयका आधारमा सुरु भयो मञ्च विस्तार गर्ने प्रक्रिया। अहिले राष्ट्रिय मञ्च ५५ जिल्लामा फैलिएको छ। १ सय २५ गाउँपालिका र ७० नगरपालिकाका ५ सय ६० वडामा अभियान बिस्तार भएको छ। ३,०६७ गाउँ मञ्चमा ५९,९२२ जना सदस्य सङ्गठित भएका छन्।

## दोस्रो राष्ट्रिय सम्मेलन

मञ्चको दोस्रो सम्मेलन २०६४ फागुन १८ देखि २० गतेसम्म दाङको घोराहीमा भएको थियो। यो सम्मेलनले राष्ट्रिय भूमि अधिकार मञ्चलाई गरिबहरूको सशक्त जनसङ्गठनका रूपमा अघि बढाउन आवश्यक रणनीतिहरू तय गरेको थियो। यो सम्मेलनले पुनः बलदेव रामको अध्यक्षतामा १८ सदस्यीय केन्द्रीय समिति निर्वाचित गरेको थियो। सम्मेलनमा करिब २ हजारको सहभागिता थियो।

## तेस्रो राष्ट्रिय सम्मेलन

मञ्चको तेस्रो राष्ट्रिय सम्मेलन २०६८ असोज ५ देखि ७ गतेसम्म जनकपुरमा भएको थियो। यो सम्मेलनले मञ्चको आगामी भूमि अधिकार आन्दोलनको अगामी रणनीतीक योजनासमेत तयार गरेको थियो। यो सम्मेलनले सोमप्रसाद भण्डारीको अध्यक्षतामा २३ सदस्यीय केन्द्रीय समिति निर्वाचित गरेको थियो।



## चौथो राष्ट्रिय सम्मेलन

मञ्चको चौथो राष्ट्रिय सम्मेलन २०७१ फागुन १० देखि १२ गतेसम्म कञ्चनपुरमा भएको थियो । यो सम्मेलनमा पहिलोपटक मञ्चको तर्फबाट भूमि सुधारको दस्तावेज पनि सार्वजनिक गरिएको थियो । यो सम्मेलनले ल्यामबहादुर दर्जीको अध्यक्षतामा ३३ सदस्यीय केन्द्रीय समिति निर्वाचित गरेको थियो ।

वि.सं. २०६१ मा आफ्नो अधिकारका लागि संघर्षरत भूमिहीन सुकुम्बासीहरूबाट गठन भएको भूमि अधिकार मञ्च आज पाँचौ सम्मेलन मनाइ रहेको छ । यो सम्मेलनसम्म आइपुग्दा मञ्चले छुट्टै पहिचान स्थापित गरेको छ । मञ्चको मुख्य पहिचान जनसंगठन बिस्तार र जन परिचालन हो । पाँचौ सम्मेलनसम्म आइपुग्दा मञ्चको संगठन बिस्तार भई ५९ जिल्लामा संगठन निर्माण भएको छ । देशको संघीय संरचना अनुसार मञ्चको संरचना निर्माण गर्न बिधान संशोधन भई संगठनको पनि पुर्नसंरचना भएको छ । ७ वटै प्रदेशमा प्रदेश समिति गठन भएको छ । ३६ जिल्लामा संगठन पुर्नगठन भई टोल तहका १ हजार ४ सय ८९, वडा तहका २ सय ५२, गाउँ/नगर तहका १५३ वटा तहगत संगठन निर्माण भएका छन् । यस प्रक्रियामा ६२ हजार २ सय १४ जना सदस्य सहभागी भएका छन । ७३ स्थानमा भूमि घर निर्माण गरी उपयोगमा आएका छन् भने ४० लाख ४ हजार ६ सय २७ रूपयाँ आन्दोलन कोष संकलन भई अभियानमा उपयोग भएको छ । संगठन बिस्तारले आन्दोलनलाई थप बल दिएको छ । यो विशाल संगठनको नेतृत्वमा आफू रहँदा मलाई गौरवको अनुभूति भइरहेको छ । ✿



**भोजमान चौधरी**

# शान्ति संस्कृति आफैंबाट



शान्ति संस्कृति निर्माण तालिममा सहभागी हुँदा धेरै खुसी महसुस भयो । यस्तो तालिम लिने अवसर मैले विरलैमात्र पाउँछु होला । शान्ति संस्कृति तालिमले केही नयाँ कुरा सिक्ने अवसर दियो । यो तालिममार्फत सहकार्यमूलक समझदारी कायम गरी सकारात्मक सोच लिएर हरेक व्यक्ति आफ्नो ठाउँबाट शान्ति निर्माणका लागि अघि बढ्नुपर्ने महसुस भयो । जसले गर्दा हरेक क्षणमा रूपान्तरणकारी शक्तिलाई बदल्न आवश्यक हुने रहेछ ।

यो तालिम लिइसकेपछि मेले हरेक व्यक्तिले कुनै पनि काम आफू र आफ्नो परिवारबाटै सुरुवात गर्न आवश्यक देखेँ । व्यक्तिको असलपन र सक्षमताउपर ध्यान दिनुपर्छ । अरूको कुराभन्दा पनि आफ्नो अन्तरआत्माले भनेको कुरा सुन्ने र अन्तरआत्माको आवाजलाई विश्वास गर्नुपर्छ भन्ने सिकाइ प्राप्त भयो । शान्ति संस्कृति निर्माण तालिम लिइसकेपछि आफूभित्र इमान्दारिता, आदर र करुणामा आधारित रहेर समुदाय निर्माण गर्नुपर्ने महसुस भएको छ । तालिमबाट आफ्नो अनुभवका आधारमा बोल्ने, अरूका कुरा नबोल्ने, जीवनको रूपान्तरणकारी शक्तिलाई चिन्ने, आफूमा रहेका नकारात्मक सोच हटाउने, हिंसात्मक क्रियाकलाप, लैङ्गिक भेदभाव, भ्रष्टाचार, श्रम शोषणतिर नलाग्ने चेतना र सिकाइ मैले पाएको छु ।

यो तालिम हरेक मान्छेलाई आवश्यक पर्ने र सबैका लागि उपयोगी हुने मैले महसुस गरेको छु । यो तालिमपश्चात

*बाँकी पृष्ठ ३२ मा...*



यशोदा सापकोटा

# मेरो पहिलो तालिम



शान्ति संस्कृति निर्माण तालिम मेरो जीवनकै पहिलो तालिम हो । जब म पनि तालिमका लागि छनोट भएँ भन्ने थाहा पाएँ, लाग्यो कि अरूसँग कसरी बोल्ने, के भन्ने, तालिमका विषयवस्तु बुझ्छु कि बुझ्दिन आदि आदि । पहिलो दिनको परिचयपछि नै तालिममा नआएको भए हुने रहेछ भन्ने लाग्यो । यो तालिमले त बिर्सिसकेको कुरा कोट्याउने पो रहेछ । जुन मलाई मन परेन । तैपनि आइहालें, दुई दिन बसेर फर्किनुपर्ला भन्ने सोच बनाएँ । यो अनावश्यक यातना दिएर मलाई किन रुवाएको होला ? किन सबैका अगाडि आफ्नोबारेमा भन्न लगाएको होला ? जस्ता कुरा सोचेर मैले तालिम बीचमै छाड्ने निर्णय गरेँ । तर तेस्रो दिनदेखि परिस्थिति फेरियो । म आफैँलाई हल्का महसुस हुन थाल्यो । हाम्रा दुःख, पीर, चिन्ता हामी भित्रभित्रै दबाएर राख्दा रहेछौँ । यसो गर्दा हामीलाई भारी महसुस हुँदोरहेछ भन्ने बुझ्दै गएँ । त्यसपछि त पूरै (पाँचै दिन) तालिममा बस्ने निर्णयमा पुगेँ । जुनसुकै कुरालाई पनि सकारात्मकरूपमा लिएर अघि बढे सकिन्न भनेर छाड्न लागेको काम पनि सहज हुने रहेछ भनेर मलाई तेस्रो दिनदेखि महसुस भयो ।

तालिमका क्रममा हामीलाई नयाँ नयाँ कुरा सिकाइयो । सहृदयी साथी कसलाई भन्ने, उसको महत्व किन छ जिन्दगीमा, मानिसलाई कस्ता कस्ता कुराले राम्रो वा नराम्रो काम गर्न प्रेरित गर्छन् जस्ता कुरा मलाई एकदमै राम्रो लागे । तालिममा हामीलाई आफ्ना आगामी प्राथमिकता के के हुन् सम्झन लगाइएको थियो । मैले आफ्नो घर/परिवारका सबैलाई सकारात्मक व्यवहार गर्छु । बालबच्चालाई उनीहरूको रुचिबेगरको काम गर भनेर लाद्ने काम गर्दिन भनेर मनमनै प्रतिबद्धता गरेकी थिएँ । अहिले मैले उनीहरूलाई रुचिअनुसारको काम गर्न प्रेरित गरिरहेकी छु । यो वर्ष छोरीले एसइइ दिनुपर्ने तर ऊ आफूभन्दा तल्लो कक्षामा पढ्ने भाइ/बहिनीलाई ट्युसन पढाइरहेकी छे । तर मैले एसइइ आयो अब ट्युसन नपढाऊ भनेकी छैन । उनीहरू बुझ्ने भइसकेका छन् । आफ्नोबारेमा सोच्ने भइसकेका छन् । बालबालिकालाई अनावश्यकरूपमा नियन्त्रण गर्नुहुँदैन । अरूसँग तुलना गर्नुहुँदैन । मानिसभित्र रहेको रूपान्तरणकारी शक्तिले उसलाई डोहोऱ्याइरहेको हुन्छ । त्यसलाई चिन्नुपर्छ भनेर मैले सिकेकी छु । पुराना कुरालाई सम्झेर तनाव नलिने, अरूलाई नियन्त्रण गर्न नखोज्ने, सबैसँग राम्रो व्यवहार गर्ने, अरूको बारेमा धेरै नसोच्नेलगायत प्रतिबद्धता पनि मैले गरेकी छु । तालिममा सहजीकरण गर्नुहुने सहजकर्ताले हामी लेख्न नजान्नेलाई सम्झनु भन्नुभएको पनि बिर्सेकी छैन ।

मैले पहिलोपटक तालिम लिएकीले होला, अरू तालिम कस्तो हुन्छ मलाई थाहा छैन । तर पहिलो पटकको तालिम नै मेरा लागि एकदमै उपयोगी र व्यावहारिक भयो । यो तालिम विद्यालयका शिक्षकलाई दिन सकेमा यसको सन्देश सबै बालबालिकालाई जान्थ्यो । अहिलेका बालबालिकामा नकारात्मक भावनाको एकदमै बढी विकास भइरहेको मैले महसुस गरेकी छु । शिक्षकहरूले आफ्ना बालबालिकालाई यो तालिमको विधिअनुसार अध्यापन गराउने र उनीहरूलाई महसुसीकरण गराउने हो भने भोलिको नेपाल साँच्चै नै सुन्दर हुन्छ भन्ने मेरो धारणा छ । बालबालिकालाई सकारात्मक ऊर्जा दिन सके उनीहरूले अभिभावकलाई पनि सकारात्मक ऊर्जा नै दिन सक्छन् जसले गर्दा हरेक घर उज्यालो हुन्छ । अर्को कुरा सबै कार्यालयमा काम गर्ने कार्यालय प्रमुख र त्यहाँका कर्मचारीलाई यो तालिम दिन सके कार्यालयमा हुने तनाव, कर्मचारीले छाड्ने क्रम अन्त्य भई काम गर्ने वातावरण निर्माण हुन्छ भन्ने मैले अपेक्षा गरेकी छु । ✿

(आत्मनिर्भर सेवा केन्द्रमा कार्यरत सापकोटासँग योजना, अनुगमन, मूल्याङ्कन संयोजक विनोद गौतमले गरेका कुराकानीमा आधारित)



सृष्टि श्रेष्ठ

# हलियाका अनुत्तरित सवाल



२०७५ माघ २९ गते बिहान ९ बजेतिर आत्मनिर्भर सेवा केन्द्र काठमाडौंका कार्यकारी निर्देशक जगत देउजा, अन्तराष्ट्रिय भूमि सञ्जालको राष्ट्रिय संलग्नता रणनीति कार्यक्रमका राष्ट्रिय संयोजक धर्मराज जोशी, राष्ट्रिय दलित नेटवर्कका अध्यक्ष गणेश वि.क. लगायत म हलियाहरूको समस्या बुझ्न बैतडी जिल्लाको दशरथचन्द नगरपालिका वाडीलेक वार्ड नं ४ मा पुग्यौं । सानो ठाउँमा धेरै घरहरू झुप्प परेको यो दलित बस्तीमा थुप्रै हलिया परिवारहरू भेटिए । उनीहरू "फेरी अर्को टोली आयो जसले हाम्रो वेदना र दुःख चाँहि सुन्छ तर काम चाँहि केही गर्दैन" भन्दै थिए । यस्तो कुरा सुनेर म एकछिन झस्किएँ । ओहो ! हलियाहरूको दुःख त सबैलाई थाहा रहेछ त समाधान चाँहि किन नभएको होला भन्ने मनमा लाग्यो ।

हलियाको समस्या बुझ्न र उनीहरूको समस्या कम कसरी गर्न सकिन्छ भन्ने उद्देश्यले हामी वाडीलेक गाउँ पुगेका थियौं । साथमा जिल्ला भूमि अधिकार मञ्च बैतडी र मक्तु हलिया महासंघका साथीहरू पनि थिए । वाडीलेक गाउँका सबैजना एउटा ठूलो घेरामा बसेर पालैपालो समस्याहरू सुन्ने र भन्ने क्रम शुरु भयो । हामीले हरुली भूल, पार्वती भूल, भागा भूल र नन्दा देवी भूलको कहानी सुन्यौं । सबैको सवाल हलियाको तथ्याङ्कमा आफ्नो नाम कसरी छुट्यो भन्ने थियो ।

त्यस गाउँका अधिकाँश हलियाहरूले एउटा साहुको ऋण तिर्न नसकेपछि फेरी अर्को साहुसँग ऋण लिएर जीविका चलाइरहेका रहेछन् । उनीहरू एउटाभन्दा बढी जमिनदारको जमिनमा हलो जोत्दै आएका रहेछन् । यिनीहरूको न त जमिन रहेछ न त घर नै । सानो झुप्रोमा बिहान बेलुका खाना पकाउने अनि त्यहि ठाउँमा मुस्किलले सुत्ने रहेछन् । हामीले सुनेका यी हलियाहरूको भनाई अनुसार अधिकांश हलियाहरूको २-३ आना जग्गामा घर बनेको रहेछ । मुस्किलले हातखुट्टा तन्काउन मिल्ने उनीहरूको सानो झुप्रो देख्दा मलाई लाग्यो यो त २-३ आना जग्गामा बनेको पक्कै होइन त्यति जग्गामा त त्योभन्दा निकै ठूलो घर बन्नु पर्ने हो भन्ने लाग्यो । सरकारले उनीहरूको जग्गा नापी गर्दा गलत भएको होला जस्तो पनि लाग्यो ।

९० जना हलियाको तथ्याङ्क लिइएको यो गाउँमा पाँचजनाको मात्र नाम दर्ता भएको रहेछ । तर उनीहरूलाई गलत वर्गिकरणमा राखिएको रहेछ । क वर्ग भनेको घर नभएको र जग्गा पनि नभएको हो । ख वर्ग भनेको साना टुक्रा जग्गा र घर भएको हो । ग वर्ग भनेको जग्गा भएको तर घर नभएको हो । घ वर्ग भनेको जग्गा भएको र घर पनि भएको तर मर्मत गर्नुपर्ने रहेछ । तर, यो गाउँमा ख र ग वर्गलाई एउटै वर्गमा राखिएको रहेछ । वर्गिकरण अनुसार क वर्गले ३ लाख २५ हजार रूपैयाँ घर बनाउने र २ लाख रूपैयाँ जग्गा किन्न गरेर ५ लाख २५ हजार सरकारबाट अनुदान पाउने रहेछन । ख र ग वर्गले घर बनाउन ३ लाख अनुदान पाँउने रहेछन भने घ वर्गले १ लाख २५ हजार घर मर्मतका लागि पाउँने रहेछन ।

यही उल्लेखित वर्गिकरणका आधारमा यी पाँचजना दर्ता भएका हलियाहरूलाई घ वर्गमा सरकारले दर्ता गरिदिए । यिनीहरू मध्ये कसैको घर त छ तर एक कोठाको मात्र हेर्दा सलाईको बट्टा जस्तो भने घर नभएका हलियाहरूलाई पनि घर भएको भन्दै सरकारले घ वर्गमा दर्ता गरिदिए । यसरी नाममात्रको भए पनि प्रकृया पुरा भयो तर वास्तविक हलियाले दर्ता भएपछि पनि आफनो हक र अधिकारबाट बञ्चित हुनु पर्‍यो । यी हलियाहरूले दर्ता भएता पनि राज्यको तर्फबाट अहिलेसम्म कुनै सुविधा पाएका भने छैनन् ।



हलियाको समस्या यति मात्र होइन अरू पनि छन् । हलियाको तथ्यांक सम्बन्धी विवाद छन् ।.। बैतडि जिल्लामा ३१६२ जना हलियाको नाम प्रमाणिकरणकालागी भूमि व्यवस्था मन्त्रालयमा पठाईएकोमा सरकारले ४४३६ जना हलियाको नाम लिस्ट जिल्लामा फिर्ता पठायो। जसमा यो गाउँका ९० जना हलियाको नाम आएन । अध्ययन गर्दा आधा भन्दा बढी नामहरू दोहोरीएको पाईयो । सोभ्mा साभ्mा गाउलेहरूले दाहोरीएको नामहरू एकएक गरीकाट्दै गए र अन्तमा २ हजार २२ जना हलियाको तथ्याङ्क नेपाल सरकारलाई पठाईयो । यो लिष्टमा कतिपय छुटेको थाहा हुदा हुदै पनि छुटेको सबैको नामै थप्नुको सट्टा दोहारीएका नाम हटाएरमात्रै पठाए । नाम भएकाहरूको दोहोरिएर आउने र छुटेकाको फेरी नसमेटीने । दर्ता भएका हलिया गलत वर्गमा पररेको र सही वर्गमा वर्गिकरण भएकाहरू पनि राज्यबाट पाउने सुविधाबाट बञ्चित भएको यो हाम्रो तथ्यांक प्रणालीको गम्भिर समस्या नै हो भन्न सकिन्छ ।

आफनो हक अधिकारका लागि वर्षौंदेखि लडिरहेका यी हलियाका छोराछोरी भने आफनो हात मुख जोर्न छिमेकी मुलुक भारतमा मजदुरी गर्न बाध्य भएका छन् । गरिवीसँग जुधिरहेको यो गाउँका अधिकाँश हलियाहरू गुजाराका लागि दैनिक २ सय देखि ३ सय रूपैयाँका कमाउन दिनभर मजदुरी गरिरहेका छन् । यिनीहरूको घर सानो छ तर परिवार भने ठूलो रहेछन् । अधिकांशका ३ देखि ४जना सम्म छोराछोरी छन् । उनीहरूमाथि ऋणको भारी त छँदैछ त्यसबाहेक छोराछोरीको भविष्यको चिन्ताको भारी पनि थपिएको छ । जमिनदारले ऋणको व्याजको लागि दिनभर खेतमा जोताउँछन् । साँवा कहिले तिर्ने हो पत्तो नै छैन । पत्तो होस् पनि कसरी ? दिनभरी साहुको खेत जोत्दै ठिक्क हुन्छ । अरू ठाउँमा काम गर्ने समय छैन । जमिनदारको अगाडि हात फैलाएर पाएको थोरै धानले गुजारा गर्न बाध्य छन् यि सबै दलित हलियाहरू ।

हलियाको समस्या जति बुझ्दै गयो त्यति नै जटिल बन्दै जाने रहेछ । हलियाको समस्या पनि भूमि र बसोबाससम्बन्धी सवालहरू सँग नराम्ररी गुजुल्टीएको एउटा जटिल समस्या रहेछ । प्रायः हलिया परिवार भूमिहीन हुन् भनेर भन्न नमिल्ने केहि प्राविधिक तुटींहरू छन् । जस्तैः १ आना २ आना सम्मको जमिन समेत नामसारी गरेर लालपूर्जा वितरण गरेको देखियो । ३ आना जमिनमा ४/५ भाईका अंशलाग्ने देखिंदा उनिहरूको समस्या व्यवहारीक रूपमा समाधान गर्न पहल गर्नुको सट्टा अंशबण्डा बँकी रहेको भन्दै प्रविधिकरूपले समस्या ढाकछोप गरीएको छ । यदि यसको कुनै खास कारण नहुँदो हो त परिवेश अनुसार खासै काम नलाग्ने यति सानो जमिनको टुक्राको स्वामित्व किन थमाईन्थ्यो ? अथावा यति सानो जमिनको अभ्mै अंश बण्डाहुने आशा किन देखाईन्थ्यो ? २०६५ साल भदौ २१ गते सरकारले हलिया मुक्तिको घोषणा त गऱ्यो तर समस्या भने जहाँको तहीँ छ । हलियाहरू जो आफ्नो ऋण तिर्नको लागि मालिकको जमिन बर्षौदेखि जोत्दै आइरहेका छन्, उनीहरूले वास्तविक मुक्ती पाउने कहिले ? तथ्याङ्कमा नाम छुट भएका हलियाहरूको नाम दर्ता हुने कहिले ? तथ्याङ्कमा नाम भएर पनि वास्तविक वर्गिकरणमा दर्ता हुने कहिले ? नाम मात्रको घर भएका हलियाहरूले शरीर तन्काउन मिल्ने घर पाउने कहिले ? जमिन भएता पनि खेतीयोग्य जमिन पाउने कहिले ? यि सबै प्रश्नहरू अभ्mै पनि अनुत्तरीत नै छन् ।

---

*पृष्ठ २१ बाट...*

मैले आफ्नो जीवनका लागि केही उपयोगी प्रतिबद्धता व्यक्त गरेको छु । ती प्रतिबद्धताअनुसार नै म चल्छु । आफू अनुशासित रहने, अरूका सकारात्मक कुरालाई मात्रै ख्याल गर्ने, नकारात्मक कुराको वास्ता नगर्ने, तनाव बढाउने काम नगर्ने, यदि तनाव आइहाले पनि त्यसलाई सकारात्मकतवरबाट हल गर्नेलगायत प्रतिबद्धता मैले पालना गरिरहेको छु । शान्ति संस्कृति तालिमपश्चात म सबैसँग हँसिमजाक गर्न थालेको छु । घर/परिवारलाई समय दिन थालेको छु । आफू टाढा भए पनि दिनैपिच्छे सम्पर्क गर्ने गरेको छु । विगतमा म साना साना कुरामा पनि हतास हुन्थें । कसैको अगाडि बोल्नुपर्दा डराउथें, अहिले कुनै विषयमा बोल्नुपर्दा डर लाग्न छाडेको छ । आफूमा आत्मविश्वास बढाउनु एकदमै ठूलो साहस रहेछ । कुनै विषयमा कसैसँग द्वन्द्व बढाएर केही फाइदा हुँदैन रहेछ । शान्ति संस्कृति तालिम द्वन्द्व रूपान्तरणको महत्वपूर्ण माध्यम बन्न सक्छ भन्ने मलाई महसुस भएको छ ।



**ल्यामबहादुर दर्जी**
*अध्यक्ष- राष्ट्रिय भूमि अधिकार मञ्च*

# आफ्नै स्रोतमा टिकेको आन्दोलनमात्र दिगो हुन्छ



यतिबेला तपाईंहरू पाँचौं सम्मेलनको तयारीमा हुनुहुन्छ। चौथो सम्मेलन २०७१ फागुनमा कञ्चनपुरमा भएको थियो। त्यतिबेलाको थोरै माहोल बताइदिनूस् न।

त्यो सम्मेलन निकै उत्साहजनक रह्यो। धेरै जिल्लाका प्रतिनिधिको सहभागिता थियो। मानोमुठी उठाएर आएका प्रतिनिधिहरूले खानपिनका सबै आवश्यकता करिब करिब त्यसैबाट पूरा गरेका थिए। सुदूरपश्चिमको कञ्चनपुर जस्तो ठाउँमा हाम्रो निमन्त्रणलाई स्वीकार गरेर एमाले नेता माधवकुमार नेपाल, तत्कालीन माओवादीका नेता नारायणकाजी श्रेष्ठ पुग्नुभयो। उहाँहरूको उपस्थितिले सभालाई गरिमामय बनायो भने भूमि अधिकारबाट वञ्चितहरूलाई ऊर्जा प्राप्त हुन सक्यो।

संविधान बनेको थिएन। जबकि हामीलाई हाम्रा समस्या समाधान हुनका लागि संविधान बन्नैपर्छ भन्ने थाहा थियो। त्यसैले हामीले हाम्रा नारा, घोषणापत्रदेखि पर्चासम्ममा संविधान निर्माणका लागि दबाब सिर्जना हुने बुँदा समेटेका थियौं। त्यतिबेला हामीलाई दुबोको मालाले स्वागत गरेका अहिले पनि झल्झल्ती सम्झन्छु। त्यो दुबोलाई मैले उनीहरूका हामीप्रतिको विश्वास कहिल्यै नओइल्याउने अपेक्षाका रूपमा शिरोपर गरेको छु। त्यहीबेलादेखि म ती शोषित पीडितका समस्या समाधानका लागि झनै बढी जिम्मेवार भएको महसुस गर्न पुगें। यतिबेला पाँचौं सम्मेलनको पूर्वसन्ध्यामा आइपुग्दासमेत मलाई उनीहरूको त्यो आशा, त्यो अपेक्षा पूरा गर्न सकें कि सकिन भन्ने चिन्ताले सताइरहेको छ।

### त्यतिबेलाको मुख्य सम्झना ?

धेरै साथीले मनैदेखि गरेका सहयोग अहिले पनि मानसपटलमा ताजै छ। उनीहरूले जुन विश्वास गरेर मलाई नेतृत्वको अवसर सुम्पेका थिए, मेरालागि त्योभन्दा ठूलो स्मरण के होला र ? उनीहरूको उर्लिंदो जनलहरले गरेको अपेक्षा पूरा गर्न एक्लै हैन, सबैसँग समन्वय गरेर अघि बढ्नुपर्छ भन्ने सोच सधैं सम्झनामा ताजै रह्यो।

### तपाईं अध्यक्षमा चुनिएपछि कसरी अघि बढ्ने योजना बनाउनु भयो ?

हाम्रो सम्मेलनको उद्देश्य नै शक्तिद्वारा अधिकार आर्जन गर्ने र शक्ति भनेकै पीडितहरूको जुझारु सङ्गठन हो भन्ने थियो। त्यसैले सम्मेलनले उठाएका माग, अपेक्षा बन्दै गरेको संविधान र त्यसअन्तर्गत बन्ने नीति, नियम, कानुन आदिमा जसरी पनि पार्नुपर्छ भन्ने ध्येयले अघि बढ्ने योजना बनायौं। हरेक अभिमुखीकरण होस् वा अन्य कार्यक्रम, यसैअनुसार सबैलाई ब्रिफिङ गर्दै गइयो। र, यसैगरी तयार हुन लगातार घच्घच्याइरहियो पनि। आज हामीले उठाएका जति पनि माग संविधान, ऐन, नियममा समावेश भएका छन्, ती त्यसैको परिणाम हो।

### तपाईंको कार्यकालका तीन मुख्य उपलब्धि के के होला ?

पहिलो, २०७२ असोज ३ गते जारी संविधानमा हामीले उठाएका ६५ प्रतिशत मुद्दा समावेश हुन सकेका छन्। दोस्रो नीतिहरूमा प्रभावकारी हस्तक्षेप भएको छ। अधिकार हनन विरुद्ध सशक्त आवाज उठाइएको छ। तेस्रो, अन्तर्राष्ट्रिय निकाय, आइएलसी, आफा आदिसँग सम्बन्ध दरिलो भयो भने विश्व ग्रामीण मञ्च, एशिया फोरम आदिको सदस्य बन्न सकियो। उनीहरूसँग अहिले पनि राम्रोसँग समन्वयमा काम अघि बढिरहेको छ।



### तपाईं अध्यक्ष भएपछि सोचेको तर गर्न नसकेको त्यस्तो केही छ ?

मेरै कार्यकालमा सबै मोही किसानले आधा स्वामित्व पाएको हेर्न मन थियो। सुकुमबासीले आफू बसोबास गरिरहेका जमिनको स्वामित्व हात पारेको देख्न मन थियो। तर विडम्बना, त्यो सम्भव भएन। यसको मतलव केही हुँदै नभएको भने हैन। तर पनि हिम्मत भने हारेको छैन। त्यो दिन आउन अव धेरै कुर्नु पर्दैन् भन्ने लागेको छ।

### तपाईंहरूको आन्दोलन/सङ्गठन कमजोर भएको हो ?

हामीसँग जे स्रोत थियो, त्यहीअनुसार काम भइहरेको थियो। तर मुलुक सङ्घीयतामा प्रवेश गरेपछि भने हाम्रो स्रोतले धान्ने अवस्था आएन। त्यतिबेला केही अप्ठेरोमा परेको अवश्य हो। तर पनि हामीले उचित र सुझबुझपूर्ण तवरले परिस्थितिलाई नियन्त्रणबाहिर जान दिएनौं। यसले हामीलाई सिकायो कि स्रोत मुख्य कुरा हैन रहेछ। स्थानीय ज्ञान, सिप र जनशक्ति राम्रोसँग परिचालन गर्न सकियो भने त्यसले राम्रै उपलब्धि हासिल हुने रहेछ। यो पाठ सङ्गठन निर्माण र परिचालनका क्रममा पछिसम्म सम्झने छु।

### तपाईंको आफ्नै गाउँको भूमि अधिकार मञ्चको हालत के छ नि ? अध्यक्षको गाउँ मञ्च, पक्कै नमुनाको बनाउनुभएकै होला त ?

मेरो गाउँको भूमि अधिकार मञ्चमा ४२ घर संगठीत छन्। जसमध्ये ३६ घर दलित छन्। यीमध्ये पनि ५ घर बिक परिवारको आर्थिक अवस्था राम्रो छ। यो उनीहरूको लगातारको मेहनतको परिणाम हो। मेरो गाउँ मञ्चका सदस्यसँग जमिन छैन तर उनीहरू सबै आत्मनिर्भर छन्। अधिया, बटैया गरेर भए पनि खेतीपाती गर्छन्। खाली बस्दैनन्। तरकारी लगाउँछन्। बिक्री गर्छन् आफ्नो आवश्यकता पूरा गर्छन्। काम गऱ्यो भने भोकै बस्नुपर्दैन भन्ने राम्रो उदाहरण बनेका छन् उनीहरू। वास्तवमा हामीले खोजेको पनि यस्तै हो भन्ने लाग्छ।

### पाँचौ सम्मेलनबाट नयाँ के आश गर्ने भूमि अधिकारबाट वञ्चितहरूले ?

यो सम्मेलनले स्थानीय स्रोतलाई राष्ट्रिय भूमि अधिकार मञ्चको संस्थागत विकासमा प्रयोग गर्ने नीति पास गर्नुपर्छ। त्यसो भएमात्र आन्दोलन दिगो हुन्छ भन्ने मेरो बुझाइ छ। अहिले पनि यो सम्मेलनमा आउने प्रायःजसो प्रतिनिधिलाई स्थानीय तहले कुनै न कुनैरूपले सहयोग उपलब्ध गराएका छन्। यहीबाट सिकेर पनि स्थानीय सहयोग लिने र बढीभन्दा बढी सदुपयोग गर्ने अपेक्षा राखिएको छ। त्यसबाहेक हामीले उपलब्धि र सिकाइ प्रतिनिधिसमक्ष राख्छौं। अनि उनीहरूका सुझावका आधारमा परिमार्जन भई अघि बढ्ने वाचा गर्छौं। हाम्रो सङ्गठन अहिले पनि समावेशी छ। यसलाई अझै समावेशी बनाउने प्रयास हुनेछ। सदस्यता बढाउनुपर्छ। वृद्धि भइरहेको पनि छ। मञ्चमा सदस्यता लिन रुचि देखाउनेहरू बढिरहेका छन्। डेढ लाख सदस्य पुऱ्याउने लक्ष्य छ। बनाउँछौं पनि।

### अहिलेकै कार्यशैलीबाट राज्यशक्तिलाई प्रभावित तुल्याएर भूमि अधिकारबाट वञ्चितहरूका माग पूरा गर्न सकिएला र ?

अहिलेको प्रक्रियामा केही हेरफेर अवस्य हुनुपर्छ। सदस्यहरूमै आधारित भएर अर्थात स्थानीय स्रोत परिचालन गरेर गरिएको आन्दोलनमात्र दिगो हुन्छ र गन्तव्यमा त्यसले मात्र पुऱ्याउन सक्छ भन्नेमा एकरत्ति शङ्का छैन। यसका लागि राष्ट्रिय मञ्चको बैठक आफ्नै स्रोतमा बस्ने, सदस्यहरूलाई उत्पादन कार्यमा लाग्न प्रेरित गर्ने, असार/साउन जस्तो खेतीपातीको मौसममा आन्दोलन/अभियानलाई थाती राखेर पदाधिकारीदेखि सदस्यसम्म सम्पूर्ण मानिस उत्पादनमा लाग्ने जस्ता कार्यलाई प्राथमिकता दिँदैछौं।

### नेतृत्व कस्तो हुनुपर्ला अबको ?

पीडितबाटै नेतृत्व विकास गर्न सकियो भने आन्दोलन दिगो हुन्छ। यो नेतृत्व चुन्ने ऐतिहासिक क्षण पनि भएकाले प्रतिनिधिले यसबारे विचार पुऱ्याउनुपर्छ। त्यो हुन्छ कि हुन्न भन्ने चिन्ता पनि उत्तिकै लागिरहेको छ। हुन त अबको नेतृत्वमा जो आए पनि त्यो खारिएकै आउँछ। किनकि हाम्रो सङ्गठनमा यसरी खारिएका जुझारु अगुवाको कुनै कमी छैन। त्यसैले सङ्गठन विकास, सदस्यता बिस्तार, आन्दोलनको दिगोपना तथा आफ्नै स्रोतमा जोड जस्ता विषयमा नयाँ नेतृत्वले ध्यान दिनुपर्छ।

### अब तपाईंको भूमिका के हुन्छ ?

म लामो समयदेखि भूमि अधिकारबाट वञ्चितहरूका समस्या समाधानका लागि लड्दै आएँ। अब पनि म पदमा हुँ वा नहुँ, यो अभियानबाट एकरत्ति पनि विचलित हुने छैन। जस्तोसुकै परिस्थितीमा पनि आन्दोलनमा निरन्तर क्रियाशिल भईरहनेछु। सङ्गठन र आनदोलनको लागी आवस्यक जुनसुकै जिम्मेवारी बहन गर्न तयार छु। संगठनको अशल सदस्यको रूपमा उद्देश्य पुरा नहुन्जेल क्रियाशिल भईरहनेछु।

# शब्द तस्बिर

















राष्ट्रिय भूमि अधिकार मञ्चको पाँचौ सम्मेलनसम्मको यात्रा ।